# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम्.एड्.) द्वितीय वर्षको नेपा.शि ५९८ को प्रयोजन परिपूर्तिका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

**प्राथमिक तहको नेपाली पाठ्यपुस्तक**मा रहेका कठिन शब्दहरूको अध्ययन गर्नेतर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेका छन् । यही मुख्य समस्यासँग गाँसिएर निम्नानुसारका समस्याहरू यस शोधअध्ययनमा आएका छन् :

(क) प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा के-कस्ता कठिन शब्दहरू रहेका छन्?

(ख) उक्त शब्दहरूको व्युत्पत्तिगत अर्थ के-के हुन सक्छन् ?

(ग) उक्त शब्दहरू कुन-कुन पदवर्ग अन्तर्गत पर्दछन् ?

## १.४ शोधका उद्देश्यहरू

प्रस्तुत शोधपत्रको उद्देश्य प्रा.वि.तहको नेपाली पाठ्यपुस्तकमा रहेका कठिन शब्दहरूको अध्ययन गर्नु रहेको छ भने यही उद्देश्यसँग सम्बन्धित भएर निम्न सहायक उद्देश्यहरू यस शोधपत्रमा आएका छन् :

(क) प्रा.वि.तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरू सङ्कलन गर्नु

(ख) प्रा.वि.तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको व्युत्पत्ति पत्ता लगाउनु

(ग) प्रा.वि.तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको पदवर्ग पत्ता लगाउनु

(घ) उक्त शब्दहरूको अर्थ पत्ता लगाउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोष निर्माण एक नवीन अध्ययन अनुसन्धान हो । हालसम्मका अनुसन्धान प्रतिवेदनको विवरण अनुसार यस शीर्षकमा कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइँदैन । सम्भवत: यो एक नवीन अध्ययन विश्लेषण हो ।

कुनै पनि अनुसन्धान कार्य गर्नु पूर्व त्यससँग सम्बन्धित विषयमा भए गरेका शोध कार्यहरूलाई आधारको रूपमा लिनुपर्दछ । प्रस्तुत शोधपत्रसँग सम्बन्धित केही शोधकार्यहरूलाई यहाँ कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षाको रूपमा यसरी प्रस्तुत गरिएको छ ।

बाबुलाल प्रधानद्वारा सम्पादन गरिएको **रत्न नेपाली शब्दकोश** (२०५७) मा शब्दको वर्णानुक्रम उच्चारणको अनुक्रम र वर्णविन्यास पदवर्ग र शब्दहरूको अर्थलाई समावेश गरिएको छ । उक्त कोशमा शब्दहरूको स्रोत सम्बन्धी सूचना शब्दनिर्माण प्रक्रिया, उखान टुक्का, वाक्यमा प्रयोग उदाहरणलाई भने समावेश गरेको पाइँदैन तापनि उक्त शब्दकोशले शब्दहरूको अर्थलाई स्पष्ट पारेको पाइन्छ ।

हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराईको सह-सम्पादनमा तयार पारिएको **प्रयोगात्मक नेपाली शब्दकोश** (२०६३) मा शब्दहरूको छनोट र प्रविष्टि, प्रविष्टिको वर्णानुक्रम, उच्चारणको अनुक्रम र वर्णविन्यास, वर्णविन्यास र पदयोग-पदवियोग, शब्दहरूको उच्चारण, शब्दहरूको स्रोत सम्बन्धी सूचना, शब्दहरूको व्युत्पादन, तत्सम स्रोत र कथित अपरिष्कृत शब्द, शब्दवर्ग तथा अन्य व्याकरणात्मक सूचना, शब्दहरूको अर्थ र प्रयोगलाई समावेश गरिएको छ । त्यस्तै गरी उक्त शब्दकोशमा लौकिक प्रवृत्तिलाई कथ्य भाषाको निम्ति मान्यता दिएको र हामी जस्तो बोल्छौँ त्यस्तै लिपिमा उतारेर कथ्य भाषाको रूपमा देखाइएको छ । नेपाली शब्दभण्डारमा तत्सम शब्दहरूको बाहुल्यता रहेकाले संस्कृत व्याकरणको जटिल शब्द निर्माण प्रक्रियालाई पनि उक्त कोशमा सरल किसिमले प्रस्तुत गरिएको छ । विद्यार्थीहरूको आवश्यकतालाई ध्यानमा राखी मानक हिज्जे हेर्ने, उखान टुक्कासँग समेत परिचित हुने उद्देश्य उक्त कोशले राखेको छ ।

डा. दयाराम श्रेष्ठ, चुडामणि काफ्ले र विष्णु प्रसाद अधिकारीको सह-सम्पादनमा तयार पारिएको **विद्यार्थी नेपाली शब्दमाला** (२०६३) मा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित गरिएका कक्षा १ देखि १० सम्मका नेपाली विषयका पाठ्यपुस्तकहरूबाट कक्षागत

रूपमा कठिन ठानिएका शब्दहरू सङ्कलन गरी तिनलाई वर्णानुक्रम अनुसार राख्ने, दोहोरिएका शब्दहरूलाई एउटै प्रविष्टि दिने काम गरिएको छ । उक्त शब्दमालाको प्रमुख प्रयोजन प्रारम्भिक तहका विद्यार्थीहरूलाई शब्दकोश प्रयोग गर्न अभ्यस्त गराउनु , भाषिक शुद्धिका लागि विद्यार्थीहरूलाई आवश्यक ज्ञान दिनु र ठीक शब्दको ठीक प्रयोगका निम्ति विद्यार्थीहरूलाई दक्ष तुल्याउनु रहेको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा सम्पादन गरिएको नेपाली **बृहत् शब्दकोश** (२०६७) मा शब्दको वर्णानुक्रम उच्चारणको अनुक्रम, वर्णविन्यास, पदवर्ग, शब्दहरूको अर्थ, चिन्हहरूलाई समावेश गरिएको छ । उक्त कोशमा नेपाली जनजीवनमा बोलिने कथ्य भाषालाई जस्ताको तस्तै उतारेको पाइन्छ । जस्तै : शब्द निर्माण, प्रक्रिया र उदाहरणलाई पनि समावेश गरिएको पाइन्छ ।

यसरी विभिन्न शब्दकोशहरूको अध्ययन भएपनि प्राथमिक तहको नेपाली पाठ्यपुस्तकको शब्दकोशको निर्माणको अध्ययन नभएकाले यस शोधपत्रमा उक्त क्षेत्रको बारेमा अध्ययन गरिएको छ ।

## १.६ शोधको औचित्य

अनुसन्धानको क्रममा कुनै पनि विषयवस्तुको खोज तथा अनुसन्धान गर्नु आफैमा एउटा महत्त्वपूर्ण कार्य हो । खासगरी अनुसन्धानको अवश्यकता र उपयोगितामाथि प्रकाश पार्नु नै अनुसन्धानको औचित्य रहेको छ । प्राथमिक तहको नेपाली पाठ्यपुस्तकको शब्दकोशको निर्माणको अध्ययन र अनुसन्धानले खासगरी प्रा.वि.तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई सहयोग पुग्नेछ । सम्बन्धित विषय शिक्षकहरूलाई सहयोग पुग्नेछ । शिक्षण सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थी दुवैका लागि साथै पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखन कार्यका लागि पनि सहयोग पुऱ्याउने देखिएकाले यो अध्ययन निर्विवाद रूपमा महत्वपूर्ण र औचित्यपूर्ण देखिएको छ ।

## १.७ शोधको सीमाङ्कन

कुनै पनि शोधकार्यलाई निश्चित उद्देश्यतर्फ केन्द्रित गराउन त्यसलाई सीमाबद्ध गर्नु आवश्यक देखिन्छ । कुनै पनि अध्ययनलाई यसको प्रयोजनसमेत आत्मनिर्देशित गर्ने हुँदा यसको गहिराई र व्यापकतालाई निश्चित परिधिमा सीमाङ्कन गर्नु उपयुक्त हुन्छ । निश्चित

सीमा निर्धारण नगरिकन थालिएको शोधकार्यबाट निश्चित गन्तव्यमा पुग्न कठिन हुने भएकोले यस शोधकार्यलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

(क) प्रस्तुत शोधअध्ययन प्रा.वि.तहको कक्षा १ देखि ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको अध्ययनमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत शोधअध्ययन प्रा.वि.तहको कक्षा १ देखि कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको मात्र पदवर्ग पहिल्याइएको छ ।

(ग) कक्षा १ देखि ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको व्युत्पत्तिगत स्रोत र शब्द निर्माण प्रक्रियाको आधारमा शब्दको वर्गीकरणमा अध्ययन सीमित रहेको छ ।

(घ) कक्षा १ देखि ५ सम्मका नेपाली पाठ्यपुस्तकबाट नमुना छनोटका आधारमा कठिन शब्दहरूलाई मात्र अध्ययनको विषयवस्तु अन्तर्गत समावेश गरिएको छ ।

## १.८ शोधविधि

यो विधि मूलतः पुस्तकालयीय सामग्री सङ्कलन विधिमा आधारित रहनेछ । प्रस्तुत अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतका सामग्री निर्माण गरी अनुसन्धान गरिनेछ । प्राथमिक स्रोत विद्वानहरू, गुरूहरूको सल्लाह, सुझाव र निर्देशन रहेका छन् भने द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तकहरू, शब्दकोशहरू, लेखरचनाहरू आदि रहेका छन् ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुगठित रूप दिनका लागि पाँच अध्याय भित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकतानुसार उप-शीर्षक र उप-उपशीर्षकसमेत राखेर अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन् :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | कोशको सैद्धान्तिक अवधारणा |
| अध्याय तीन | : | शब्दको स्रोत, शब्दवर्ग र शब्दनिर्माणको सैद्धान्तिक परिचय |
| अध्याय चार | : | पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको अध्ययन |
| अध्याय पाँच | : | निष्कर्ष तथा सुझावहरु |

सन्दर्भग्रन्थसूची

# अध्याय दुई

# सैद्धान्तिक अवधारणा

## २.१ परिचय

आधुनिक भाषा विज्ञानको क्षेत्रमा प्रायोगिक भाषा विज्ञानको ठूलो महत्त्व छ र यसैको उर्वर फाँटमा कोशविज्ञानको उदय भएको हो । यसलाई कोशको निर्माण वा सम्पादनसँग सम्बन्धित अनुशासन मानिन्छ । यसैले कोशविज्ञान विचार विनिमयको मूल माध्यम रहेको भाषामा अभिष्ट क्षमता विकासका लागि अपरिहार्य साधन सिद्ध हुन्छ ।

यो कोशविज्ञान नाम अङ्ग्रेजी शब्द लेक्सिकोग्राफीको नेपाली रूपान्तरण हो । उक्त शब्द मूलतः ग्रिसेली लेक्सिको+ग्राफी भनिने कोशको निर्माण वा सम्पादन अर्थ बुझाउने शब्दबाट विकसित भएको हो । यसबाट स्पष्ट हुन्छ, लेक्सिकोग्राफी अर्थात् कोशविज्ञानको कोशको सम्पादन प्रक्रिया र पद्धतिसँग सम्बन्धित हुन्छ । लेक्सिकोग्राफी अर्थात् कोशविज्ञान कोशको सम्पादन प्रक्रिया र पद्धतिसँग सम्बन्धित शास्त्र हो र यसको प्रत्यक्ष प्रयोगभूमि शब्दकोश हो । सन्दर्भगत अथवा कोशविज्ञानभित्रको कोश शब्दले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ र वर्तमान समयमा यस शब्दले परम्परागत रूपमा चलेका शब्दका साथै उखान-टुक्काजस्ता पदावली तथा वाक्यरचना, उद्धरणजस्ता शब्द माथिका भाषिक एकाईहरू र वर्ण, धातु, विभक्ति, सर्ग, उपसर्ग तथा व्युत्पादकसर्गजस्ता शब्द तलका लघुत्तर भाषिक एकाईहरूलाई समेटेको हुन्छ । अतः कोशविज्ञान कोशनिर्माण वा कोशसम्पादनको विभिन्न प्रक्रिया र पद्धतिको प्रयोगमूलक अध्ययन हो ।

“शब्दकोश भनेको वर्णानुक्रममा भाषाका शब्दहरूको अर्थसहितका सूचनाहरूलाई प्रस्तुत गरिएको सन्दर्भ पुस्तक हो ।” (अधिकारी २०६७ : १८७) । शब्दकोश निर्माण ज्यादै खर्चिलो, दीर्घ समय साध्य र निरन्तरको प्रयास एवम् परिश्रमबाट मात्र सिद्ध हुने विषय मानिन्छ । यो भाषा सम्बन्धी एक किसिमको प्रयोगात्मक गतिविधि हो । प्रयोग र प्रयोजनको विविधता अनुसार शब्दकोशको स्वरूप र निर्माणमा पनि प्रशस्त विभिन्नता देखिन्छ । शब्दकोशका लागि शब्दहरूको सङ्कलन तिनको अर्थ एवम् प्रयोग सम्बन्धी सूचनाहरूका लागि अहिले कम्प्युटर र प्रविधिको उपयोग गर्न थालिसकेको छ । यसले कोशनिर्माणको कार्यलाई अझ व्यवस्थित र सुगम बनाउन मद्दत गर्छ । यान्त्रिक अनुवादको विकासले पनि कम्प्युटरमा आधारित शब्दकोशको माग बढिरहेको छ । यस सन्दर्भमा अबको शब्दकोश

निर्माण सामान्य शब्द सङ्कलकहरूको दीर्घसूची, झन्झटिलो र दिक्क लाग्दो कामका रूपमा सीमित नरहने देखापर्छ । यद्यपि सबै भाषाका कोशनिर्माता एवम् सम्पादकहरूका लागि यसमा कम्प्युटरको विकसित प्रविधिको उपयोग अझै पनि सर्वसुलभ विषय बनिसकेको छैन ।

शब्दकोश सर्वसाधारणका लागि भाषाको जानकारी दिने प्रमुख स्रोत हो । यसलाई शब्दहरूबारेको लोकप्रिय सूचना-स्रोत मानिन्छ । भाषाका शब्दहरूका बारेमा सबैजसो सूचना सम्बन्धी वस्तुगत सङ्क्षिप्त आलेख यसमा हुन सक्छ । सामान्य भाषाविज्ञानका ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानजस्ता सबैजसो शाखाका सूझबुझहरूको उपयोग शब्दकोशमा हुन सक्छ । यस्ता कोशबाट शब्दसम्बन्धी अर्थ र परिभाषा, पर्यायवाची, विपरीतार्थी (समावेशी) स्रोत उच्चारण हिज्जे व्याकरण (शब्दवर्ग, रूपायन) व्युत्पत्ति, प्रयोग, प्रयोग क्षेत्र/शैलीगत भेद (प्राविधिक/सामान्य) औपचारिक/अनौपचारिक, आदिको सूचना प्राप्त गर्न सकिन्छ । शब्दकोशले दिने अर्थ धारणात्मक (Motional), सन्दर्भात्मक (Referential) र वितरणात्मक (Distributional) प्रकृतिका हुन सक्छन् । कोशीय शब्दहरूको धारणात्मक अर्थ हुन्छ । सम्बन्धात्मक तथा प्रकार्यपरक शब्दहरूको अर्थ सन्दर्भात्मक प्रकृतिको हुन्छ । शब्दहरूको वितरणात्मक अर्थको सूचना  वा सहप्रयोगबाट आउने हुन्छ । कोशनिर्माणमा भाषाशास्त्री र दक्ष सम्पादकहरूको सहभागिता तथा संलग्नता आवश्यक हुन्छ ।

## २.२ कोशको परिभाषा

कोशलाई विभिन्न विद्वानहरूले भिन्न-भिन्न ढङ्गबाट परिभाषित गरेका छन् केही विद्वानका विचार र शब्दकोशका आधारमा शब्दलाई निम्नानुसार परिभाषित गरिएको छ :

१. "कोशविज्ञान एक वा अनेक भाषाका कतिपय वा सबै शब्दहरूको भेद र विशेषता र मुख्यतः अर्थमा आधारित वर्णन कार्यसँग सम्बन्धित अध्ययन हो ।"

(हार्टम्यान, १९८३ :४) ।

२. आर.ए.सिंह - "कोशविज्ञान कोश सम्पादन गर्ने कला वा विज्ञान हो ।"

३. अक्सफोर्ड इङ्गलिश डिक्सनरी - कोश विज्ञानलाई सामान्य तथा शब्दकोश लेखनका वा सम्पादनका रूपमा शब्दकोश रचना गर्ने अभ्यास वा कलाका रूपमा वा कोरा सम्पादनको विधि विज्ञानको रूपमा परिभाषित गरिन्छ ।

४. ए डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एण्ड फोनोरिक्स - कोशविज्ञान भाषाका शब्दढुकुटीको समस्त अध्ययनलाई बुझाउन सामान्यत प्रयोग गरिने शब्द हो ।

५. नेपाली बृहत् शब्दकोश, २०४० : "कोशविज्ञान कोश रचना सम्बन्धी विज्ञान वा शब्दकोशको निर्माण कलाको सिद्धान्त विवेचना भएको विद्या । "

६. म्याथुनका अनुसार : "कोशविज्ञान भाषा विज्ञानको त्यो सारता हो जुन कोशको अर्थगत ढाँचासँग अर्थात् अर्थगत क्षेत्र तथा अर्थगत सम्बन्धसँग सम्बन्धित छ ।

७. शब्दसागर २०५७ : "कोशविज्ञानको नेपाली शब्दकोशको निर्माण सम्बन्धी कला हो ।"

८. रामचन्द्र लम्सालका अनुसार "कोशविज्ञान भाषाका शब्दढिकुटीमा रहेका शब्दहरूको व्यवस्थित अध्ययन, कोशीय सामग्रीको सङ्कलन, प्रविष्टिको चयन र वर्गीकरण, विधिअर्थ निर्धारण, उद्धरण, पर्याय तथा विपर्याय, चित्ररेखा, तालिका आदिको संयोजन र सम्पादन सम्बन्धी पक्षको वर्णन तथा विश्लेषणसँग सम्बन्धित विषय हो ।"

९. डेभिड क्रिस्टलका अनुसार "कोशविज्ञान सामान्यतः भाषाका शब्द ढुकुटी यसको इतिहास समेत को समस्त अध्ययनलाई बुझाउन प्रयोग गरिने शब्द हो ।"

१०. लङम्यान - "डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स"का अनुसार कोशविज्ञान कुनै भाषाका शब्दभण्डारका अवयवहरूको अध्ययन हो, जस अन्तर्गत ती शब्दहरूको अर्थ र सम्बन्धहरू तथा उनीहरूको रूपका साथसाथै अर्थमा पर्ने समयगत प्रभावको अध्ययन समेत गरिन्छ ।

## २.३ शब्दकोशको परिचय

शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह हो भन्ने अर्थ व्यक्त हुन्छ । अङ्ग्रेजीमा प्रयुक्त हुने डिक्सनरी र लेक्सिकन शब्दप्रति क्रमशः ग्रिसेली र ल्याटिन मूलबाट विकसित भई शब्द सङ्ग्रह भन्ने अर्थ नै बताउँछन् तर शब्दकोशमा शब्दमात्र सङ्कलन गरिएको हुँदैन किनभने परम्परागत रूपमा शब्दभण्डारले अर्थयुक्त मुक्त रूप हो र यस्ता शब्दको सङ्ग्रहमा मात्र सीमित रहेर आधुनिक प्रचलनका शब्दकोशको निर्माण हुँदैन । मामूली लघुशब्दकोशमा पनि उखान-टुक्काजस्ता पदावली र वाक्यरचना उदाहरणजस्ता शब्दमाथिका बृहत्तर एकाइ र

धातु , व्युत्पादक सर्ग रूपायन सर्गजस्ता शब्दमुनिका लघुत्तम भाषिक एकाइहरू समावेश गरिएका हुन्छन् ।


शब्दकोशको यही विस्तारित र व्यापक अर्थलाई दृष्टिगत गरी अक्सफोर्ड इङ्गलिश (१९३३) ले यसको परिभाषा यसरी दिएको छ । “शब्दका हिज्जे उच्चारण, अर्थ तथा प्रयोग, तिनको पर्याय, व्युत्पत्ति र इतिहास अथवा यिनीमध्ये केही कुरा जानकारी गराउनका निम्ति कुनै भाषाका वा भाषाका कुनै विशेष वर्गका व्यक्तिगत शब्दहरूसरूसँग सम्बन्धित ग्रन्थ हो जसमा सन्दर्भसुविधाका लागि शब्दहरूको निश्चित क्रम हुन्छ, जुन अचेल अधिकांश भाषामा वर्णानुक्रम प्रचलित छ , अनि शब्दकोशमा यस्ता सूचनाहरू साहित्यका उद्धरणबाट उद्धृत हुन्छन् ।”

अतः यससम्बन्धी लामो व्याख्या नगरी छोटकरीमा व्यक्त गर्दा के निष्कर्ष निकाल्न सकिन्छ भने शब्दकोश कुनै भाषिक एकाइसँग सम्बन्धित ग्रन्थ हो जुन कुनै नियमक्रममा हुन्छ र जसमा उद्देश्यानुसार सोही वा अन्य भाषामा अर्थ र हिज्जे, उच्चारण प्रयोग, इतिहास, पर्याय, विपर्याय, उद्धरण परिचय विशेषता अथवा यिनैमध्ये कतिपय कुराहरू समावेश गरिएका हुन्छन् ।

कोशको वर्गीकरणलाई तालिकाद्वारा यसरी देखाउन सकिन्छ :

**तालिका नं.-१**

**कोशको वर्गीकरण**




ढकाल, २०६७ :६३) ।

## २.४ शब्दकोशको प्रकार

शब्दकोश भाषासम्पदाको विशाल भण्डार हो । यस्तो भण्डारमा शब्दसम्बन्धी ज्ञानका कुरा कोशका निर्माता र प्रयोक्ताले अपेक्षा गरेको आवश्यकता एवम् प्रयोजन अनुसार सङ्कलित हुन्छन् । शब्दकोश आधुनिक विकासशील एवम् गतिशील विद्या भएकोले यसको प्रयोजन समविष्ट विषयवस्तुका आधारमा यस प्रकारमा पनि सोही अनुसारको व्यापकता एवम् विविधता हुनु स्वाभाविक देखिन्छ । अध्ययन पद्धतिका आधारमा कुनै कोश वर्णनात्मक हुन्छ भने कुनै कोश ऐतिहासिक हुन्छ । त्यस्तै कुनै कोश तुलनात्मक प्रवृत्तिको हुन सक्छ । वर्णनात्मक, ऐतिहासिक वा तलुनात्मक हुनु कोशको आवश्यकता एवम् प्रयोजनको भिन्नता पनि हो । समाविष्ट सूचना र यसको प्रस्तुतिका आधारमा कोशको वर्गीकरणमा प्रशस्त विभिन्नता पाइन्छ । कुनै कोशमा समविष्ट सूचनाको प्रविष्टि अनुक्रम भएमा मात्र पनि यसको प्रकार भिन्न हुन्छ । कोशमा समाविष्ट भाषासङ्ख्याले पनि कोशको प्रकृति एवम् पहिचान फरक पर्नु स्वाभाविक छ त्यस्तै भाषाको संख्या र विषयगत भिन्नता सामान्य र विशिष्ट सूचनाको प्रयोजनका साथै प्रयोक्ताहरूको रूचि र आवश्यकताका आधारमा पनि कोशहरूको निर्माण एवम् सम्पादनमा विभिन्नता एवम् विशिष्टता बन्दै गएको देखापर्छ ।

यसरी कोश यति नै आधारमा यति नै किसिमका हुन्छन् भन्ने निश्चित सीमाभित्र बाँधिएको विषय देखिँदैन । कोशकारहरूले देखेका सम्भावना र आकृति-प्रकृतिमाा विस्तार भइरहेको छ । फेरी एउटै कोशलाई एकभन्दा बढी आधारमा वर्गीकरण गरिने सम्भावना हुनाले कोशको वर्गीकरण एकतर्फी नहुनु स्वाभाविक छ । तसर्थ कोशका प्रकारको पहिचानभन्दा यसको पहिचानका आधारहरूको खोजी चासोको विषय हुनसक्ने देखिन्छ । यी आधारहरू थाहा भएमा कुन कोश के-कस्ता दृष्टिले कुन-कुन वर्गमा राख्न सकिन्छ भन्ने कुराको खुलासा गर्न सकिन्छ । सायद कोशका प्रकार उल्लेख गर्नुको कारण पनि यही हुन सक्छ । कोशको वर्गीकरण गर्ने आधार र सो अनुसार कोशका प्रकार निम्नानुसार हुन सक्छन् :

### २.४.१ प्रविष्टि प्रकृतिको आधारमा कोशको वर्गीकरण

#### २.४.१.१ विश्वकोश

सम्पूर्ण ज्ञानक्षेत्रको जानकारी दिने ग्रन्थलाई विश्वकोश भनिन्छ । यो एउटै वा विभिन्न भागमा हुन सक्छ । खास विषयक्षेत्रका विभिन्न विषयक्षेत्र सम्बन्धी अधिकाधिक सूचनाका लागि यस्तो कोश निर्माण हुन्छ । यसले संसारका विविध विषयमा विभिन्न

जानकारी दिन सक्छ । यसमा ज्ञानपक्ष महत्त्वपूर्ण हुन्छ र भाषागत सूचना गौण हुन्छ । यसमा शब्दको पर्यायवाची, विपरीतार्थी तथा शब्दको प्रयोगसँग सम्बद्ध सन्दर्भगत सूचना आदिभन्दा उक्त शब्दले बुझाउने धारणा, त्यस शब्दले निर्देश गर्ने वा अवधारणा तथा विषयवस्तु सामाजिक-सांस्कृतिक तथा ऐतिहासिक पक्षका बारेमा विविध सूचना सङ्कलित हुन सक्छन् ।

### २.४.१.२ विश्वकोश

शब्दकोशहरू विभिन्न भाषामा भिन्न-भिन्न प्रकृतिका हुन्छन् । यस्ता शब्दकोश एकभाषिक, द्विभाषिक र बहुभाषिक प्रकृतिको हुन्छन् । शब्दकोशले हिज्जे, उच्चारण, व्युत्पत्ति, व्याकरणिक कोटि र ती शब्दको विषय र प्रसङ्ग अनुसारको वाक्यमा प्रयोगसमेत दिएर धारणा स्पष्ट गर्ने प्रयास गरेको हुन्छ । शब्दकोशलाई सामान्य र विशेष गरी दुई भागमा वर्गीकरण गरिएको हुन्छ । सामान्य कोशमा नेपाली बृहत् शब्दकोश २०४० लाई लिन सकिन्छ भने विशेष कोशमा देहायका विभिन्न प्रकृतिका कोशहरू समेटिन्छन् ।

(क) प्राविधिक कोश
(ख) व्यवसायसम्बन्धी कोश
(ग) भाषिका कोश
(घ) अवभाषा कोश
(ङ) उच्चारण कोश
(च) उखान-टुक्का कोश
(छ) संक्षेप र परिवर्ती कोश
(ज) व्याकरणपरक कोश
(झ) समरूपी कोश
(ञ) सन्निधान कोश
(ट) अभिनवपरक कोश
(ठ) आगन्तुक कोश
(ड) कृति कोश
(ढ) कृतिकार कोश
(ण) तुक कोश
(त) प्रयोगपरक कोश

(थ) पर्याय कोश

(द) विपर्याय कोश

(ध) व्यवस्थित कोश

(न) स्थाननाम कोश

(प) उद्धरण कोश

(लम्साल, २०४९ : ४९-६३) ।

### २.४.२ प्रविष्टि अनुक्रमका आधारमा शब्दकोशको वर्गीकरण

#### २.४.२.१ विषयानुक्रम कोश

अर्थका दृष्टिले सम्बन्धित शब्दहरूलाई खास विषय शीर्षक अन्तर्गत राखी प्रस्तुत गरिएको कोश विषयनुसारी हुन्छ । यसमा वनस्पति, शारीरिक अवयव, फलफूल आदि शीर्षक दिएर शब्दहरूको अर्थ प्रस्तुत गरिन्छ ।

#### २.४.२.२ वर्णानुक्रम कोश

सम्बन्धित भाषामा जस्तो किसिमले वर्णहरू क्रमित गरिएका हुन्छन् , त्यसैलाई आधार मानी त्यस भाषामा भएका शब्दको कोश तयार गरिन्छ भने त्यसलाई वर्णानुक्रम कोश भनिन्छ । नेपाली बृहत् शब्दकोश (२०४०) त्यसको उदाहरण हो । अधिकांश कोशहरूमा कोशीय एकाइलाई वर्णानुक्रममा प्रस्तुत गरिएको पाइन्छ ।

### २.४.३ कालिक आधारमा कोशको वर्गीकरण

#### २.४.३.१ समकालिक कोश

वर्तमानमा प्रचलित भाषिक एकाइलाई आधार मानेर तयार गरिएको कोश समकालिक हुन्छ ।

#### २.४.३.२ कालक्रमिक कोश

विभिन्न कालविधिमा प्रचलित भएका शब्दलाई सोही कालक्रमको अनुसरण गरी तयार पारिएको कोश कालिक्रमिक कोश हुन्छ ।

### २.४.४ प्रयोजनका आधारमा कोशको वर्गीकरण

#### २.४.४.१ मानक शब्दकोश

यसलाई आदर्श वा प्राज्ञिक शब्दकोश पनि भनिन्छ । यसमा कुनै पनि भाषाका शिष्ट वा मानक रूपको अर्थविधान गरिन्छ ।

#### २.४.४.२ सन्दर्भपरक कोश

यसको क्षेत्र अत्यन्त व्यापक र विस्तृत हुन्छ । कुनै भाषाका विविध सन्दर्भलाई समेट्ने गरी यस्तो कोशको निर्माण हुन्छ । यस्तो कोशमा कुनै पनि समयमा प्रचलित सामग्रीलाई सङ्कलन गरी अर्थविधान गरिएको हुन्छ ।

### २.४.५ भाषासङ्ख्याका आधारमा कोशको वर्गीकरण

#### २.४.५.१ एकभाषिक कोश

कोशीय एकाइ र त्यसको अर्थविधानमा एउटै भाषा प्रयोग भएको शब्दकोश एकभाषिक शब्दकोश हुन्छ । नेपाली बृहत् शब्दकोश यसको उदाहरण हो ।

#### २.४.५.२ द्विभाषिक कोश

एउटा भाषाको एकाइलाई अर्को भाषाका भाषिक एकाइद्वारा अर्थविधान गरिएको द्विभाषी कोश हुन्छ । अङ्ग्रेजी-नेपाली, नेपाली-अङ्ग्रेजी कोश यसका उदाहरण हुन् ।

#### २.४.५.३ बहुभाषिक कोश

एउटा भाषाका कोशीय एकाइलाई दुईभन्दा बढी भाषाद्वारा अर्थविधान गरिएको कोश बहुभाषिक कोश हो । रेग्मी, संस्कृत, नेपाली, हिन्दी, अङ्ग्रेजी कोश यसको उदाहरण हो ।

### २.४.६ प्रयोक्ताका आधारमा शब्दकोशको वर्गीकरण

#### २.४.६.१ प्राज्ञिक कोश

बौद्धिक विकास तथा अनुसन्धानपरक अध्ययनका लागि तयार पारिएका कोशलाई प्राज्ञिक कोश भनिन्छ । यस प्रकारको कोश शिक्षार्थीको आवश्यकतामा केन्द्रित रहेर गरिन्छ । यस प्रकारका कोशमा गरिने कोशीय एकाइहरू छनोट र स्तरण अनुसार तयार गरिएका हुन्छन् र यसले प्रयोगात्मकतामा बढी जोड दिन्छ । चित्राङ्कन एवम् रेखाङ्कनको विशेष प्रस्तुति यसमा गरिन्छ ।

#### २.४.६.२ शिक्षार्थी कोश

विद्यार्थीहरूको अध्ययनको खास चरणमा केन्द्रित भई तिनका लागि उपयोगी हुने ढङ्गले तयार गरिएको कोशलाई शिक्षार्थी कोश भनिन्छ । यस्ता कोशहरू आरम्भिक, मध्यम, उच्चमध्यम, उच्च वा प्राथमिक, माध्यमिक, उच्चमाध्यमिक आदि तहलाई ध्यानमा राखेर बनाइएका हुन्छन् । विद्यार्थीहरूको उमेर, भाषिक तथा बौद्धिक पृष्ठभूमि आदिलाई ख्याल गर्नु यसमा अति आवश्यक ठानिन्छ । तसर्थ शिक्षार्थीहरूका लागि कोश निर्माण गर्दा सामग्री सङ्कलन मात्र होइन उनीहरूको स्तर अनुसार उक्त सामग्रीको छनोट र स्तरणमा पनि विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । शैक्षणिक कोशहरू भाषाको स्तरीय रूप सिकाउने दृष्टिले तयार गरिने हुँदा पनि मानक भाषामा आधारित हुन्छन् ।

## २.५ कोशको स्वरूप

कोशको स्वरूप अन्तर्गत कोश कस्तो प्रकारले बनाइएको हो, कोश कस्तो हुन्छ भन्ने कुरा वा कोश कसरी बन्छ भन्ने कुरा पर्दछ । यहाँ कोशको स्वरूप सन्दर्भमा शब्दकोशको स्वरूपलाई वर्णन गरिन्छ । सामान्यतया शब्दकोशको स्वरूपलाई तिन भागमा विभाजन गर्न सकिन्छ ।

### २.५.१ पूर्व भाग

पूर्वभाग शब्दकोशको अग्रवर्ती भएर रहेको हुन्छ । यसलाई भूमिका खण्ड पनि भन्न सकिन्छ । यो वाहृय भाग हो । यसमा सामान्यतया तलका स्तम्भहरू पर्दछन् :

(क) शीर्षक

(ख) प्राक्कथन र भूमिका

(ग) कोश निर्देशिका

(घ) कोश सम्पादन प्रक्रिया

(ङ) सङ्क्षेपीकरण

(च) सङ्केत चिन्हहरू

### २.५.२ मूलभाग

यो कोशको वास्तविक भाग हो । यसलाई मूल भाग भन्नुको तात्पर्य कोशमा यो भाग नै साध्य हो र यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्रीसङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका छन् भनी सङ्केत गर्नु हो । यसलाई नाभिकीय भाग पनि भन्न

सकिन्छ । यसभित्र प्रत्येक कोशीय एकाइमा आधारित प्रविष्टिको क्रमबद्ध संयोजन हुन्छ । अन्य भागको तुलनामा यो भाग आकारमा ठूलो हुन्छ । कोशको मूल भागमा निम्न कुराहरू पर्दछन् :

(क) शीर्ष शब्द
(ख) उच्चारण
(ग) हिज्जे
(घ) व्याकरण निर्देश
(ङ) व्युत्पत्ति
(च) अर्थ
(छ) व्युत्पादक सर्ग
(ज) पर्याय
(झ) विपर्याय
(ञ) उखान-टुक्का
(ट) उदाहरण
(ठ) चित्राङ्कन (लम्साल, २०६३ : ११७) ।

### २.५.५.३ उत्तरभाग

यो शब्दकोशको मूलभाग र त्यसको पूववर्ती भागमा राख्न नमिल्ने सन्दर्भसामग्रीहरू रहने पश्चवर्ती भाग हो । यो शब्दकोशको परिशिष्ट खण्ड हो । यसमा सामान्यतया तल दिइएका जस्ता अवशिष्ट सामग्रीहरू रहन्छन् :


(क) सङ्क्षेप र परिवर्ती शब्दहरूको सूची
(ख) व्युत्पादक सर्ग र उदाहरणहरूको सूची
(ग) विभिन्न नापतौलका एकाइहरू
(घ) बार, महिना र संवत्हरू
(ङ) राशि र नक्षत्रहरूको सूची
(च) समयका एकाइहरू
(छ) सङ्ख्यात्मक एकाइहरू
(ज) छपाइशुद्धिका भिन्नहरू
(झ) विभिन्न मानपदवी, तक्मा अलङ्कारहरू

## २.६ कोशनिर्माण परम्परा

कोश निर्माण परम्परालाई कोश निर्माणको पूर्वीय परम्परा, कोश निर्माणको पाश्चात्य परम्परा र कोश निर्माणको नेपाली परम्परा गरी तीन प्रकारमा विभाजन गरेर हेर्न सकिन्छ । जसलाई तालिकाद्वार यसरी देखाइएको छ :

**तालिका नं.-२**

**कोशनिर्माण प्रक्रिया**




(ढकाल, २०६७ :७१)

## २.७ कोश निर्माण प्रक्रिया

व्यवस्थित किसिमले कोश बनाउने वा सम्पादन गर्ने प्रक्रियालाई कोश निर्माण प्रक्रिया भनिन्छ । (लम्साल र अन्य २०६३ : १३५) कोश निर्माण वा कोश सम्पादन अत्यन्त गौरवमय र साधनामय कार्य भए पनि निकै कष्ट, समय, श्रम र व्ययबाट साध्य अनुष्ठान हो ।

यस सम्बन्धमा डा.रामचन्द्र लम्सालको यस्तो दृष्टिकोण पाइन्छ, जसरी मौरीले रनवन, बारी-बगैँचा चहार्दै विविध किमिसका मधुरसहरू चुनीचुनी बटुलेर घार (कोश)मा मह र कुट बनाउँछन् , त्यसरी नै कोशकारले पनि वाङ्मयका प्रत्येक फाँटबाट अपेक्षित सामग्री जम्मा गरी सम्बन्धित कोशमा वान्छित प्रविष्टिको विधान गर्छन् । यतिमात्र होइन, जसरी मौरीद्वारा अति जटिलताकासाथ सङ्कलित र परिष्कृत मह उपभोक्ताका परिप्रेक्ष्यमा सहज आस्वाद हुन्छ, त्यसरी नै सम्बन्धित कोशकारद्वारा अतीव सङ्कटका साथ सङ्कलित र सम्पादित कोशीय एकाइ वा कोशीय उपभोक्ताका सन्दर्भमा काव्य  सहज र सवेध हुन पुग्छ (ढकाल, २०५८ : १४४) ।

कुनै पनि भाषाको कोश सम्पादन गर्दा शुभारम्भ देखि समाप्तसम्मका समग्र कुराहरूलाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ ।

### २.७.१ **पहिलो चरण (आयोजनाको चरण)**

कोश सम्पादनका लागि आवश्यक योजना, निर्माण, सामग्री सङ्कलन, प्रविष्टि चयन जस्ता कार्य गरिन्छन् । यस चरणलाई कोश निर्माणको आयोजनाको चरण पनि भनिन्छ ।

### २.७.१.२ **योजना निर्माण**

जुनसुकै कार्यका लागि पनि योजनाको आवश्यकता पर्दछ । कोशनिर्माण जस्तो बोझिलो, खर्चिलो र महत्त्वपूर्ण कार्यका निम्ति त योजना निर्माण अत्यन्तै आवश्यक देखिन्छ । अतः यस चरणमा सम्पादन गरिने कोशका निम्ति आर्थिक, आवधिक, प्राविधिक आदि विविध किसिमका योजनामा ध्यान पुऱ्याउनु आवश्यक छ । यसै योजनाकालमा विषयवस्तुसँग सम्बन्धित यी पक्षमा पनि आवश्यक निर्देशन सुस्पष्ट हुनुपर्छ :

(क) कोशको प्रयोजन

(ख) प्रयोक्ता र क्षेत्र

(ग) सामग्री सङ्कलन

(घ) शब्दसूची

(ङ) प्रविष्टिको स्वरूप

(च) अर्थविधान विधि र क्रम

(छ) व्याकरण निर्देश

(ज) उच्चारण र हिज्जे

(झ) उदाहरण

(ञ) चित्राङ्कन

(ट) विवृत्ति र बीजकको प्रयोग

(ठ) उखान-टुक्काको प्रयोग

(ड) व्युत्पादक सर्ग

(ढ) व्युत्पत्ति (लम्साल र अन्य २०६३ : १३६) ।

### २.७.१.२ सामग्री सङ्कलन

कोशको प्रकार र प्रकृति अनुसार सामग्री सङ्कलन प्रक्रियामा भिन्नता आउन सक्छ । सन्दर्भपरक कोश र मानक कोशका लागि उही र उस्तै सामग्रीहरू आवश्यक नहुने र सामग्रीको छनोटमा भिन्नता भए जस्तै ऐतिहासिक कोश समकालिक कोशमा पनि कोशको प्रकृति र प्रयोजन अनुसार यस्तो भिन्नता जरूरी हुन्छ । यस्तो लिखित भाषाबाट र मौखिक भाषाबाट शब्दहरूको सङ्कलन गर्ने विधिमा फरक पर्छ । संसारमा धेरैजसो भाषाहरू मौखिक रूपमा मात्र प्रचलनमा रहेका देखिन्छन् । तिनीमध्ये निकै कम संख्याका भाषाहरूमा मात्र लिखित साहित्यको विकास भएको पाइन्छ । मौखिक रूपमा मात्र प्रचलित भाषाहरूबाट सामग्री सङ्कलन गर्दा सम्बन्धित भाषाका वक्ताहरू मात्र यसका सूचक हुने हुँदा क्षेत्रीय पद्धतिको प्रयोग आवश्यक हुन्छ ।

### २.७.१.३ प्रविष्टि चयन

विभिन्न स्रोतबाट सङ्कलन भएका सबै शब्दलाई यथातथ्य रूपमा कोशमा उल्लेख गर्न सम्भव हुँदैन । कोशलाई सुचारू, एकरूप, स्तरीय र वैज्ञानिक बनाउन प्रवेश दिइने शब्दमा निकै विचार पुऱ्याउनु पर्छ (ढकाल, २०५८ : १४६) ।

कोशको उद्देश्यलाई विचार गर्दै प्राविधिक, समस्त अप्रचलित, रिक्त, अभिनय शब्दका साथै विभक्ति, विविध सर्ग, उखान-टुक्का, सङ्क्षेप तथा परिवर्णी शब्द, निपात् आदिलाई कोशमा आवश्यकता अनुसार समावेशार्थ छनोट गर्नुपर्छ । आयोजनाको चरणमा नै यस सम्बन्धी निश्चित तयारी गरी कार्यान्वयन सुरू गर्नुपर्छ ।

### २.७.२ दोस्रो चरण (प्रविष्टि विधानको चरण)

यो प्रविष्टि विधानको दोस्रो चरण हो । यसमा कोशीय एकाइ र त्यस सम्बन्धी विवरण पाइन्छ । भाषिक शब्दले भन्दा कोशीय एकाइले व्यापक क्षेत्र ओगट्छ । भाषिक

एकाइ भनेको लघुत्तम, अर्थयुक्त र मुक्त रूप हो, जसमा अक्षरहरू पर्दैनन् तर कोशीय एकाइमा सर्गहरू, विभक्ति, वचनबोधक प्रत्यय, स्तर र व्यञ्जन वर्णहरू शब्दभन्दा माथिल्ला भाषिक एकाइहरू उखान-टुक्का तथा न्याय नपाए गोरखा जानु श्री ५ को सरकार, वाचा मनसा, कर्मणा आदि पनि समावेश हुन्छन् । कोशीय एकाइलाई कोशिम भनिन्छ । कोशका सन्दर्भमा प्रस्तुत प्रविष्टिलाई यसरी विभाजन गर्न सकिन्छ ।

(क) **शीर्ष खण्ड** : कोशको प्रविष्टि क्षेत्रमा समावेश भएको कोशीय एकाइ नै शीर्ष शब्द हो । यसलाई मूल प्रविष्टि वा प्रविष्टि शब्द वा प्रधान शब्द पनि भनिन्छ । जस्तै : चन्दन ।

(ख) **हिज्जे** : शीर्ष शब्दमा रहेको वर्णविन्यास नै आधिकारिक हिज्जे हो । जस्तै : गुफा ।

(ग) **उच्चारण** : नेपाली वक्ताले गर्ने मानक उच्चारण नै यसको उच्चारण हो ।

जस्तै : विद्यार्थी ।

(घ) **व्याकरण निर्देश** : कोशीय शब्दलाई व्याकरणिक कोटिका दृष्टिले निर्देश गर्ने कामलाई व्याकरण निर्देश भनिन्छ । यो कम उद्देश्य खण्डका साथै विधेय भागमा पनि हुन्छ । दात्री - वि.(स), १. दिने, दाता, २. दान गर्ने स्वभावकी (स्त्री) ना। ३. हँसिया, आँसी, दात्र

(ङ) **कोशमा अर्थको महत्त्वपूर्ण स्थान हुन्छ** । कुनै पनि भाषिक एकाइलाई पढेर वा सुनेर मानसपटलमा जुन किसिमको मानसिक प्रतीति हुन्छ, त्यस भाषिक एकाइको अर्थ हो । अर्थको समावेश कोशमा विभिन्न किसिमबाट गरिएको हुन्छ । जस्तै : पर्याय, व्याख्या, वर्णन, परिचय, परिभाषा, विवेचना, विपर्याय, प्रतिनिर्देश, बीजक आदि । यसका केही उदाहरणहरू :

इन्द्रिय ना (स.)१ ज्ञान शक्ति र कर्म शक्तिका मानवीय अङ्ग वा साधन

(च) **व्युत्पत्ति :** व्युत्पत्ति भन्नाले प्रकृति र प्रत्यय र यसको मूल रूपको निरूपण गर्ने क्रिया हो । जस्तै : भक्षण वा (स) खाने काम, भोजन (ढुङ्गेल र दाहाल २०६८ : १८५) ।

(छ) **उदाहरण :** कुनै कथन सिद्धान्त आदिको तुलना प्रमाण, सत्यता आदि सिद्ध गर्न प्रकट गरिने कुरा वा तथ्यलाई उदाहरण भनिन्छ । कोशमा पनि उदाहरणको प्रयोग अर्थलाई स्पष्ट पार्नका लागि गरिन्छ ।

अनिकाल: ना (सं) १ अन्नपातको ठूलो अभाव २) त्यस्तो अभाव भएको समय अकाल, दुर्भिक्ष । ३) कुनै कुराको ज्यादै अभाव भएको अवस्था । उदाहरण : आजभोलि मकहाँ रूपैयापैसाको अनिकाल लागेको छ ।

(ज) **पर्याय :** समान अर्थ बुझाउने शब्द वा एउटै अर्थ बुझाउने अर्को शब्दलाई पर्याय भनिन्छ । एकभाषिक वा द्विभाषिक दुवै प्रकारका कोशहरूमा पर्याय वा समानार्थी शब्दद्वारा अर्थ दिइएको हुन्छ ।

(झ) **विपयार्य :** कुनै पनि शब्दको विरोधी वा उल्टो अर्थ बुझाउने शब्द विपर्याय हो । यसलाई विपरीतार्थी शब्द पनि भनिन्छ । जस्तै : राम्रो । वि ।  - नराम्रोको विपर्याय आदि ।

(ञ) **चित्राङ्कन :** कुनै कोशीय एकाइको अर्थ स्पष्ट पार्न चित्राङ्कनको भूमिका महत्त्वपूर्ण हुन्छ । कोशीय एकाइको अर्थ स्पष्ट पार्न चित्र, रेखाचित्र प्रस्तुत गर्नुलाई चित्राङ्कन भनिन्छ ।

(ट) **उखान-टुक्का :** लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति र स-साना चुट्किला नै उखान-टुक्का हुन् । उखान-टुक्का अभिव्यक्तिलाई सजीवता र गहनता प्रदान गर्दछ । जस्तै : कान उखेल्नु :- दु.सास्ती दिनु ।

(ठ) **व्युत्पादक सर्ग :** धातु वा प्रतिपादिकमा जोडिन आउने आधेय तत्त्वलाई अलग रूपमा देखाउनुलाई व्युत्पादक सर्ग भनिन्छ ।

### २.७.३ तेस्रो चरण

कोश निर्माणको तेस्रो चरणरूप को चरण हो । यस चरण अन्तर्गत निम्नलिखित कुराहरू पर्दछन् :

(क) **प्रविष्टि अनुक्रम** : कोशमा कुन प्रविष्टिलाई कुन क्रममा राख्ने भन्ने कुरा यस अन्तर्गत पर्दछ ।

(ख) **प्रविष्टि विन्यास :** कोशमा कोशीय एकाइ र तत्सम्बन्धी विवरण रहेको भागलाई प्रविष्टि भनिन्छ । कोशको प्रविष्टि विन्यासलाई यसरी विभाजन गर्न सकिन्छ ।

(ग) **मूल प्रविष्टि** : कोशको बाँया भागमा मोटो आकारमा लेखिएको शब्द नै शीर्ष शब्द हो र यसैलाई मूल प्रविष्टि मानिन्छ ।

(घ) **उप-प्रविष्टि :** कुनै कोशीय एकाइको मूल शब्दमा आधारित पेट बेहोरामा परेका भागलाई उप-प्रविष्टि भनिन्छ ।

(ङ) **नीडन :** उप-प्रविष्टिमा प्रयुक्त शब्दहरू प्रायः नीडनमा आधारित हुन्छन् । नीडनको चिन्ह -। हुन्छ ।

(च) **संशक्त प्रविष्टि** : यिनीहरू नीडन समान हुन्छन् । यिनीहरू उप-प्रविष्टि समान हुन्छन् तर यिनीहरूमा उप-प्रविष्टिझैं अर्थ, उदाहरण, त्रिवृत्ति, टिप्पणी आदि समावेश गरिएका हादैनन् किनभने यी स्वतः व्याख्येय हुन्छन् ।

(छ) **चिन्ह प्रयोग :** छपाइमा प्रयोग गरिने गाढा र सादा तेर्सा बुट्टे ठूला साना अक्षरका किसिम तथा सङ्केत अनि विराम भिन्हलाई यसरी उल्लेख गर्न सकिन्छ :

पूर्ण विराम ( । ) अल्प विराम ( ; ) अर्द्ध विराम ( स ) निर्देश भिन्ह ( :- ) योजक भिन्ह

(-) नीडन ( -) प्रश्नवाचक ( ? ) विस्मयादिबोधक ( १ ) उद्धरण (' ') सानो कोष्ठ ( ) ठूलो कोष्ठ आदि ।

(छ) **पूर्वोत्तर भागको संयोजन :** सम्बन्धित कोशको बारेमा यथार्थ जानकारी दिन पूर्वभागमा भूमिका, परिचय, कृतज्ञता ज्ञापन, समर्पण आदि लेखी लेखाइ छपाउनका लागि दिइन्छ भने आवश्यकता अनुसार परिशिष्ट भागमा रहने यावत कुरालाई उचित तरिकाले संयोजन गरी मुद्रणका निम्ति पेश गर्नुलाई पूर्वोत्तर भागको संयोजन भनिन्छ (ऐजन : १५४) ।

## २.८ नेपाली कोश परम्परा

नेपाली कोश परम्परालाई एकभाषिक कोश परम्परा, द्विभाषी कोश परम्परा र बहुभाषी कोश परम्परा गरी विभाजन गरेर वर्णन गर्न सकिन्छ ।

### २.८.१ नेपाली भाषाको एकभाषी कोश परम्परा

नेपाली भाषामा पेसा, धन्दा, व्यवसायमूलक शब्दलाई अर्थ्याउने, व्याख्या गर्ने वा परिभाषीकरण गर्ने तथा परिचयात्मक विवरण दिने विषय क्षेत्रका कृतिहरू नेपाली भाषा विकासको शुरूमै तयार भएका थिए । जस्तै : अज्ञात् लेखकको बाज परीक्षा (१७००) तिर वाणि विलासको ज्वरोत्पत्ति चिकित्सा (१७७३ वि.सं.) मोतीराम भट्टको उखानको बखान

(वि.सं. १९४५) आदि नेपाली एकभाषी कोशको पृष्ठभूमि निर्माणमा महत्त्वपूर्ण योगदान दिने कृतिहरू हुन् ।

वि.सं.१९९८ मा प्रकाशित चक्रपाणि चालिसेको बगली कोशबाट नेपाली एकभाषी कोशको आधुनिक विकास प्रारम्भ हुन्छ । यस कालदेखि आजसम्मका नेपाली एकभाषी कोशका परम्परालाई तिन चरणमा विभाजन गरिएको पाइन्छ ।

(क) प्रथम चरण (वि.सं.१९९८-२०१८)

(ख) द्वितीय चरण (वि.सं. २०१९-२०३९)

(ग) तृतीय चरण (वि.सं.२०४०-हालसम्म)

**(क) प्रथम चरण (वि.सं १९९८-२०१८)**

वि.सं.१९९८ को चक्रपाणि चालिसेको 'बगली कोश' बाट वि.सं२०१९ मा प्रकाशित बालचन्द्र शर्माको 'नेपाली शब्दकोश' पूर्वको समयावधिलाई नेपाली आधुनिक एकभाषी कोश परम्पराको प्रथम चरण भनिन्छ । यस समयका प्रमुख कोशहरू निम्नानुसार छन् :

| कोशको नाम | कोशकार |
|---|---|
| बगली कोश (१९९८) | चक्रपाणि चालिसे |
| नेपाली पर्यायवाची कोश (१९९८) | चक्रपाणि चालिसे |
| नेपाली उखान-टुक्का वाक्यांशको वाक्य पद्धति | पुष्कर शमशेर |
| सङ्क्षिप्त नेपाली कोश (२००७) | रामचन्द्र ढुङ्गाना |
| नेपाली मुहावरा (१९५४) | पारसमणि प्रधान |
| ज्ञानरश्मि (२०१६) | सरोज कुमार शाक्य |
| जुम्लेली शब्द उखान सङ्ग्रह (२०१७) | रत्नाकर देवकोटा |
| बैतडीको स्थानीय शब्द (२०१८) | अर्जुनदेव भट्ट र भिमदेव भट्ट |

(ढुङ्गेल र दाहाल, २०१६ : १६-१६६)

**(ख) द्वितीय चरण (वि.सं.२०१९-२०३९)**

रोयल नेपाल एकेडेमीबाट बालचन्द्र शर्माको सम्पादकत्वमा प्रकाशित नेपाली शब्दकोश (२०१९) बाट नेपाली बृहत् शब्दकोश २०४० प्रकाशित हुनु पूर्वको समयलाई नेपाली आधुनिक एकभाषी कोश परम्पराको द्वितीय चरण मानिन्छ । यस कालका प्रमुख एकभाषिक कोशहरू निम्नानुसार छन्:

| **कोश** | **कोशकार** |
|---|---|
| सङ्क्षिप्त नेपाली शब्दकोश (२०२०) | केशवलाल कर्माचार्य |
| नेपाली कानुनी शब्दार्थ सङ्ग्रह (२०३६) | शङ्कर कुमार श्रेष्ठ |
| कानुनी शब्दकोश (२०३८) | टोप ब.सिंह |
| नेपाली उखान-टुक्का (२०२३) | हर्षनाथ शर्मा |
| उखान सङ्ग्रह (२०२७) | राममणि |
| उखान-टुक्का र गाउँखाने कथा (२०३९) | कृष्ण प्रसाद पराजुली |
| बृहत् नेपाली शब्दकोश (२०२३) | हर्षनाथ शर्मा |
| सानो नेपाली शब्दकोश (२०३९) | पारसमणि प्रधान |

(ऐजन : १६६-१६७) ।

**(ग) तृतीय चरण (वि.सं.२०४० देखि हालसम्म)**

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोश (२०४०) प्रकाशित भएपछि आजसम्मको नेपाली एकभाषी कोशलाई आधुनिक एकभाषिक कोश परम्पराकै तृतीय चरण मानिन्छ । यस चरणका प्रमुख नेपाली एकभाषिक कोशहरू निम्नलिखित छन् ।

| **कोश** | **कोशकार** |
|---|---|
| स्थाननाम कोश (२०४४) | कृष्ण प्रसाद श्रेष्ठ |
| अर्थ-वाणिज्य कोश (२०४७) | नानीबाबा रिजाल |
| नेपाली प्राविधिक शब्दकोश (२०५४) | चूडामणि बन्धु |
| नेपाली व्याकरणपरक कोश (२०५१) | चन्द्रकान्त अधिकारी |
| नेपाली साहित्य कोश (२०५६) | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| कानुनी शब्दकोश (२०५६) | शङ्कर कुमार श्रेष्ठ |

### २.८.२ द्विभाषी कोश परम्परा

सर राल्फ लिलिटर्नरनको नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोशबाट नेपाली द्विभाषी कोश परम्पराको शुरूवात भएको पाइन्छ । यस चरणको प्रमुख नेपाली द्विभाषी कोश निम्नलिखित छन् :

| <u>कोश</u> | <u>कोशकार</u> |
|---|---|
| नेपाली व्याकरण र शब्दावली (सन् १८८७) | ए.टर्नबुल |
| बेसिक गोर्खाली ग्रामर एण्ड भोक्याबुलरी (सन् १८९४) | क्याप्टेन एम.मिरन्डङ्क |
| अमरकोश (वि.सं.१९५९) | कुलचन्द्र गौतम |
| अङ्ग्रेजी-नेपाली शब्दकोश | गङ्गाधर शास्त्री हार्वड टर्नबुल |
| नेपाली ग्रामर, भोक्याबुलरी | पादरी ए.टर्नबुल |

(ढकाल, २०५८ : १५७) ।

### २.८.३ नेपाली बहुभाषी कोश परम्परा

दुई भाषाभन्दा बढी भाषासँग सम्बन्धित कोशलाई बहुभाषी कोश भनिन्छ । यसको परम्परालाई यस प्रकार देखाउन सकिन्छ :

| <u>कोश</u> | <u>कोशकार</u> |
|---|---|
| एन एकाउण्ट अफ दि किङ्डम अफ नेपाल | कर्क पेट्रिक |
| हिस्ट्री अफ नेपाल (१८७७) | डेनियल राइट |
| नेपाली हिन्दी अङ्ग्रेजी शब्दकोश | एम.पि.शर्मा |
| पकेट डिक्सनरी | पारसमणि प्रधान |

### २.८.४ कोशको उपयोगिता

(क) कुनै पनि शब्दको शुद्ध वर्णविन्यास र अक्षर विभाजनबारे स्पष्ट जानकारी, लिन

(ख) प्रचलित उच्चारण थाहा पाउन,

(ग) शब्दको व्युत्पत्ति र स्रोत पहिल्याउन,

(घ) उपयुक्त व्याकरणि कोटि पहिल्याउन,

(ङ) कुनै शब्दको मूल र व्युत्पन्न रूपको जानकारी लिन,

(च) सम्बन्धित शब्दको अर्थ, अर्थक्रम, अभिष्ट अर्थ परिभाषिकरण पर्याय, विपर्याय र समुचित प्रयोग पहिल्याउन,

(छ) सम्बन्धित भाषाको शब्दभण्डार वृद्धि गर्न,

(ज) उखान-टुक्का जानकारी राख्न,

(झ) व्यक्ति र ठाउँको सम्बन्धमा स्पष्ट जानकारी राख्न,

(ञ) सम्बन्धित विषयका चित्र, नक्सा, तथ्याङ्क तालिकाको जानकारी लिन,

(ट) कुनै शब्दको मूल्य र क्षेत्रको जानकारी लिन,

(ठ) कुनै शब्दको सङ्क्षेप र परिवर्णीबारे जानकारी लिन,

(ड) प्रचलित नियम र अपवादसँग परिचित हुन् ,

(ढ) भाषागत बोध र अभिव्यक्तिगत क्षमतामा वृद्धि गर्न ।

## अध्याय तीन

# शब्दनिर्माण, शब्दवर्ग र शब्दको स्रोतको सैद्धान्तिक परिचय

## ३.१ शब्दनिर्माण प्रक्रियाको परिचय

शब्दको बनोट तथा नयाँ शब्द निर्माण हुने प्रक्रियालाई नै शब्दनिर्माण भनिन्छ । शब्दनिर्माणलाई शब्दरचना वा शब्दको व्युत्पादन पनि भनिन्छ । शब्दनिर्माण आधारतत्त्व र आधेयतत्त्वको संयोजनबाट गरिन्छ । नेपालीमा धातु र शब्दले आधारतत्त्वको काम गरेका हुन्छन् भने उपसर्ग, प्रत्यय शब्द आदिले आधेयतत्त्वको काम गरेका हुन्छन् । यसका अतिरिक्त समास, द्वित्व, सन्धि आदि पद्धतिद्वारा पनि शब्दनिर्माण गर्न सकिन्छ ।

### ३.१.१ शब्दनिर्माणका प्रकार

शब्द निर्माणका विभिन्न प्रकारहरूमध्ये उपसर्ग र प्रत्यय गरी दुई भागमा विभाजन गरिन्छ । यसमध्ये प्रत्ययलाई कृत-प्रक्रिया, तद्धित-प्रक्रिया गरी अलग-अलग रूपमा विभाजन गर्न सकिन्छ । साथै प्रत्यय र उपसर्ग-प्रक्रियालाई सर्गपद्धति भनी एउटै मूल प्रक्रिया मान्न सकिन्छ । यसका अतिरिक्त समासपद्धति, द्वित्वपद्धति प्रमुख र अनुकरण, सन्धि आदि शब्दनिर्माणका अन्य गौण प्रक्रियाहरू पनि रहेका छन् । यस शोधकार्यमा केवल उपसर्ग र प्रत्ययद्वारा निर्मित शब्दहरूको मात्र अध्ययन गरिएको छ । जसलाई निम्नानुसार चर्चा गरिएको छ :

### ३.१.२ उपसर्ग र शब्दनिर्माण

#### ३.१.२.१ उपसर्गको परिचय

शब्द वा आधारतत्त्वको अघिल्तिर जोडिएर नयाँनयाँ शब्द व्युत्पन्न गर्ने भाषिक तत्वलाई उपसर्ग भनिन्छ । उपसर्ग शब्दको व्युत्पत्ति उप+सृज्+ग्(अ)=उपसर्ग हो । यस शाब्दिक व्युत्पत्तिअनुसार उपसर्गको अर्थ शब्दको नजिक आएर अर्थात त्यसमा गाँसिएर सिर्जना वा व्युत्पादन गर्नु हो भन्ने देखिन्छ । शब्दको अघिल्तिर लाग्ने हुनाले उपसर्गलाई पूर्वसर्ग पनि भनिन्छ । उपसर्गको स्वतन्त्र अर्थ नभए पनि आधार पदसित गाँसिएर तिनले आधार पदको मूल अर्थलाई प्रभावित तुल्याउँछ, जस्तै :-

| आधारपद | मूल अर्थ | उपसर्ग | व्युत्पन्न शब्द | प्रभावित अर्थ |
|---|---|---|---|---|
| गुण | विशेषता | अव | अवगुण | दोष |
| अग्र | अघिल्लो | सम् | समग्र | सम्पूर्ण |
| एक | एउटा | प्रति | प्रत्येक | हरेक |
| उच्च | उँचाइ | अति | अतिउच्च | धेरै उँचो |
| आख्यान | कथा | वि (व्या) | व्याख्यान | भाषण |
| क्रेता | किन्ने | वि | विक्रेता | बेच्ने |
| चर | हिंड्ने | अनु | अनुचर | पछिपछि हिंड्ने |

नेपालीमा तत्सम उपसर्गको बाहुल्यता छ । तद्भव र आगन्तुकलाई नेपाली उपसर्ग पनि भनिएको छ । सामान्यतया जुन स्रोतको आधारपद हो, त्यही स्रोतको उपसर्ग लाग्छ ।

### ३.१.३ प्रत्यय र शब्दनिर्माण

आफ्नो खास अर्थ नभएको र आधार तत्वका पछाडि जोडिएर नयाँ शब्द रचना गर्ने भाषिक एकाइलाई प्रत्यय भनिन्छ । आधार तत्वभन्दा पछाडि जोडिने हुनाले यसलाई परसर्ग भनिन्छ । प्रत्यय लागेर बनेको शब्दलाई टुक्राउँदा आउने मूल शब्दलाई प्रकृति भनिन्छ । जस्तै

| | | |
|---|---|---|
| मूल (शब्द : प्रकृति) | + प्रत्यय | निर्मित शब्द |
| लेख् (धातु : प्रकृति) | + ओट | लेखोट |
| घर (शब्द : प्रकृति) | + एलु | घरेलु |

प्रत्यय जोडिने आधारतत्वका आधारमा शब्दनिर्माणका प्रक्रिया दुई प्रकारका हुन्छन् ती हुन् - कृदन्त र तद्धितान्त । यी प्रक्रियाहरूको चर्चा तल गरिएको छ ।

#### ३.१.३.१ कृत्-प्रत्यय (धातुसर्ग)द्वारा शब्दनिर्माण

**कृत्-प्रत्यय र कृदन्त शब्द**

धातुमा जोडिएर नयाँनयाँ शब्दको व्युत्पादन गर्ने प्रत्ययलाई कृत्-प्रत्यय भनिन्छ । धातु क्रियाको बीज रूप हो । धातुलाई आधारतत्त्व बनाएर धातुबाट शब्द बनाउने

प्रक्रियालाई कृत्-प्रक्रिया र कृत्-प्रक्रियाबाट बनेका शब्दलाई कृदन्त शब्द भनिन्छ । धातुमा कृत्-प्रत्यय लागेर बनेका यस्ता कृदन्त शब्दलाई प्रथम व्युत्पन्न शब्द पनि भनिन्छ । कृदन्त शब्दमा रूपायक प्रत्यय लागेपछिमात्र ती वाक्यमा प्रयोग गर्नलायक हुन्छन् । यस प्रक्रियामा धातु आधारतत्त्व र कृत्-प्रत्यय आधेयतत्त्व हुन्छ । संस्कृतमा कृत् नामको प्रत्यय वा सर्ग छ र त्यहाँ कृत्-प्रत्यय नाम सार्थक छ । त्यसकै अनुकरण गरेर नेपालीमा पनि कृत्-प्रत्यय भनिन्छ तर नेपालीमा यस्तो प्रत्यय छैन । त्यसैले र धातुमा लाग्ने हुनाले कृत्-प्रत्यय लाई धातुसर्ग भन्नु धेरै वैज्ञानिक हुने देखिन्छ । धातुमा कृत्-प्रत्यय लाग्दा नाम, विशेषण वा क्रियाविशेषण शब्दमध्ये कुनै एक शब्द व्यत्पन्न हुन्छ ।

धातुको निश्चित अर्थ हुन्छ । धातुलाई टुक्राउन सकिन्छ । प्रत्ययको स्वतन्त्र अर्थ हुँदैन । प्रत्ययहरू बद्ध रूप हुन् । कुनै धातु हो होइन भन्ने छुट्याउन त्यसमा ‘नु’ प्रत्यय लगाएर छुट्याउन सकिन्छ । ‘नु’ लगाउँदा अर्थबोधक शब्द बनेमा त्यो धातु हो भनेर जान्नुपर्छ किनभने ‘नु’ प्रत्यय सबै नेपाली धातुमा समान रूपले वितरण हुन्छ । तत्सम ( संस्कृत) धातुमा तत्सम (संस्कृत) कृत्-प्रत्यय नै लाग्दछ । नेपालीमा दुवैथरी धातु र प्रत्यय एउटै धातुबाट कृत्-प्रत्यय लागेर अनेक शब्द बन्दछन्, जस्तै :-

| **धातु + प्रत्यय = कृदन्त शब्द** | **धातु + प्रत्यय = कृदन्त शब्द** |
|---|---|
| देख् + अ = देख | देख् + ऐया = देखैया |
| देख् + आइ = देखाइ | देख् + दा = देख्दा |
| देख् + आवट = देखावट | देख् + दै = देख्दै |

एउटै कृत्-प्रत्यय अनेक धातुमा लागेर अनेक शब्द बन्दछन्, जस्तै :-

| **धातु + प्रत्यय = कृदन्त शब्द** | **धातु + प्रत्यय = कृदन्त शब्द** |
|---|---|
| हिड् + आइ = हिंडाइ | सोच् + आइ = सोचाइ |
| बोल् + आइ = बोलाइ | भोग् + आइ = भोगाइ |
| गर् + आइ = गराइ | मिच् + आइ = मिचाइ |
| देख् + आई = देखाइ | बुझ् + आइ = बुझाइ |

### ३.१.३.२ तद्धित-प्रत्यय (धातुसर्ग)द्वारा शब्दनिर्माण

**तद्धित-प्रत्यय र कृदन्त शब्द**

मूल शब्द, कृदन्त शब्द र तद्धितान्त आदि सबै वर्ग र प्रकारका शब्दका पछाडि गाँसिएर नयाँनयाँ शब्द र व्युत्पन्न गर्ने प्रत्ययलाई तद्धित-प्रत्यय भनिन्छ । यस प्रक्रियाबाट बनेका शब्दलाई तद्धितान्त शब्द भनिन्छ । शब्दमा प्रत्यय लाग्ने भएकाले तद्धितान्त शब्दलाई शब्दप्रत्येक पनि भन्न सकिन्छ । एकपटक बनिसकेका शब्दमा प्रत्यय लागेर फेरि अर्को शब्दको व्युत्पन्न हुने हुँदा तद्धितान्त शब्दलाई द्धितीय व्युत्पन्न शब्द पनि भनिन्छ । यस्ता तद्धितान्त शब्द बनाउने प्रक्रिया नै तद्धितान्त प्रक्रिया हो ।

तद्धितप्रक्रिया शब्दनिर्माणको सर्गपद्धति एक महत्त्वपूर्ण पद्धति हो कृत्-प्रत्ययको आधारतत्त्व धातुलाई छाडेर अन्य सबै वर्ग र प्रकारका शब्दहरू (प्रातिपदिक) रहेका हुन्छन् । जस्तै :-

| **आधारतत्व** | **यसको प्रकार** | **तद्धित-प्रत्यय** | **तद्धितान्त शब्द** |
|---|---|---|---|
| राष्ट्र | मूल शब्द | + इय | राष्ट्रिय |
| राष्ट्रिय | तद्धितान्त शब्द | + ता | राष्ट्रियता |
| घर | मूल शब्द | + एलु | घरेलु |
| धुप | मुल शब्द | + औरो | धुपौरो |
| बनावट | कृदन्त शब्द | + ई | बनावटी |
| बनावटी | तद्धितान्त शब्द | + पन | बनावटीपन |
| घर | मूल शब्द | + आयस | घरायस |
| घरायस | तद्धितान्त शब्द | + ई | घरायसी |
| कलकल | द्विरूक्त शब्द | + ई | कलकली |
| झलमल | द्विरूक्त शब्द | + ई | झलझली |
| अर्धसप्ताह | समस्त शब्द | + इक | अर्धसाप्ताहिक |
| सुन्दर | मूल शब्द | + य | सौन्दर्य |
| सौन्दर्य | तद्धितान्त शब्द | + मय | सौन्दर्यमय |

तद्धित-प्रत्यय प्रतिपादिक (शब्दको मूल अंश) मा जोडिने हुँदा निर्माणप्रक्रियाका सन्दर्भमा कुनै पनि शब्द प्रतिपादिक अवस्थामा रूपान्तरित हुन्छ, जस्तै :-

| | | | | |
|---|---|---|---|---|
| शब्द | प्रतिपदिक | + | प्रत्यय | तद्धितान्त शब्द |
| केटो | केट् | + | यौली | केट्यौली आदि । |

प्रतिपदिकमा लाग्ने हुँदा तद्धित-प्रत्यय पनि भन्न सकिन्छ । त्यस्तै विभिन्न शब्दमा तद्धित-प्रत्यय लागेर नयाँ शब्द व्युत्पन्न हुँदा शब्दको वर्गमा पनि परिवतर्न आउँछ ।

### ३.१.४ कृदन्त र तद्धितान्त शब्दमा फरक

कृत् र तद्धित दुवै परसर्ग र शब्दनिर्माण महत्त्वपूर्ण कडी भए पनि दुवैमा पर्याप्त अन्तर वा फरक पाइन्छ । धातुमा कृत्-प्रत्यय लागेर बनेको प्रथम व्युत्पन्न शब्द 'कृदन्त' हो र प्रतिपादिकमा तद्धित-प्रत्यय लागेर बनेको द्धितीय व्युत्पन्न शब्द तद्धितान्त शब्द हो । कृत्-प्रत्यय धातुमा मात्र लाग्छ भने तद्धित-प्रत्यय प्रतिपादिकमा लाग्छ । कृत्-प्रत्यय पहिलोचोटि धातुमा गाँसिने भएकाले यो प्रथम क्रमको हुन्छ । प्रत्यय लागेर धातुबाट नाम, विशेषण र क्रियाविशेषणको मात्र व्युत्पादन हुन्छ भने तद्धित-प्रत्यय लागेर क्रियापदबाहेक अरू सबै शब्दवर्गका शब्दको व्युत्पादन हुन्छ । अर्कातिर कृत्-प्रत्ययको सङ्ख्यामात्र बढी छ । सङ्ख्यामात्र बढी होइन, तद्धित-प्रत्ययको उत्पादनशीलता पनि बढी वा फराकिलो छ ।

आइ, इलो र उवा जस्ता केही यस्ता प्रत्ययहरू छन्, जुन दुवैतर्फ पर्दछन् । एउटै स्वरूप वा आकृतिका सर्ग दुवैतर्फ हुनाले प्रत्ययको आधारमा कृदन्त र तद्धितान्त निश्चित गर्न सकिँदैन । यस्तो स्थितिमा सर्वप्रथम शब्दको व्युत्पत्ति गरेर आधारतत्व पत्ता लगाउनु पर्छ । त्यस्तो आधारतत्वमा 'नु' प्रत्यय लगाएर हेर्नुपर्छ, किनकि सबै नेपाली धातुमा यसको समान वितरण हुन्छ । यसरी 'नु' लगाई हेर्दा कृदन्त नाम शब्द बनेमा त्यो कृदन्त र नबनेमा तद्धितान्त भनी जान्नुपर्छ , जस्तै :-

| | |
|---|---|
| शब्द → ढँटुवा | शब्द → गेरूवा |
| व्युत्पत्ति → ढाँट् +उवा | व्युत्पत्ति → गेरू +उवा |
| 'नु' को प्रयोग → ढाँट् +नु | 'नु' को प्रयोग → गेरू +नु |
| योगपश्चात् → ढाँट्नु | योगपश्चात् → गेरूनु |
| ढाँट्नु → कृदन्त नाम<br>त्यसैले 'ढँटुवा' शब्द कृदन्त हो । | त्यसैले यो कृदन्त होइन, मूल शब्द 'गेरू' मा 'उवा' प्रत्यय लागेको हुँदा यो तद्धितान्त शब्द हो । |

यसैगरी कसिलो - रसिलो, पढाइ -गोलाइ, फटाहा - छुल्याहा, बसाइँ-रजाइँ, धुतार - भँडार आदि शब्दहरूलाई पनि कुन कृदन्त कुन तद्धितान्त भनी छुट्याउन सकिन्छ ।

## ३.२ शब्दवर्गको प्रयोग र परिचय

वाक्यमा शब्द प्रयुक्त भएपछि त्यसले कुनै न कुनै व्याकरणात्मक कार्य गर्दछ । यही शब्दले गर्ने कार्यका आधारमा शब्दवर्गको निर्धारण गर्नुलाई कार्यका आधारमा शब्दवर्गीकरण भनिन्छ । कार्यका आधारमा गरिने वर्गीकरणलाई पदवर्ग पनि भनिन्छ ।

यसप्रकार वाक्यमा प्रयुक्त शब्दले कुनै न कुनै कार्य गरेको हुन्छ । यही शब्दको व्याकरणिक कार्यका आधारमा शब्दलाई नौ वर्गमा विभक्त गरिन्छ (पौडेल,२०६९ : ८६) ।

**शब्दवर्ग र तिनका कार्यको सङ्क्षिप्त चिनारी**

| शब्दवर्ग | व्याकरणिक कार्य | उदाहरण |
|---|---|---|
| नाम | कर्ता, कर्म, पूरक भएर तथा नामयोगीसँग जोडिएर र कारकमा प्रयुक्त भएर आउनु । | राम, भात, घरभित्र, छोराले आदि । |
| सर्वनाम | नाम, पदावली, वाक्यका सट्टामा, सबै कारकमा, प्रथम, द्वितीय र तुतीय पुरूषमा आउनु । | तँ, तिमी, ऊ, उसले उनीहरू, म, उहाँ आदि । |
| विशेषण | विशेषता जनाएर, नामका अघि आई, पूरक भएर, भेद्य भएर, तिर्यक कारकमा विभक्ति साथ नाम भएर, तुलनावाची भएर आउनु । | कालो, केटो, त्यो मोटी छ, सारै मोटी, मोटीले भनी, सबैभन्दा मोटी आदि । |
| क्रियापद | कार्यव्यापार, घटना, अवस्था प्रक्रिया बुझाउनु तथा विधेयको काम गरी वाक्य टुङ्ग्याउनु । | खान्छ, पल्ट्यो, छ, भयो आदि । |
| क्रियाविशेषण वा क्रियायोगी | क्रिया वा विशेषण वा वाक्य वा क्रियाविशेषणको विशेषता जनाउनु । | राम्ररी पढ्यो, सारै कालो, आज गाई मऱ्यो, धेरै राम्ररी आदि । |
| नामयोगी | नामिक पदका पछाडि जोडिएर नामिक पदको समय, स्थान, रीति, हेतु, अवधी, दिशा, अभाव, विनियम बुझाउनु । | अघि, माथि, समान, निम्ति, सम्म, तर्फ, बाहेक, सट्टा, सँग आदि । |
| संयोजक | वाक्यमा आएर शब्द, पदावली, उपवाक्य, वाक्यलाई जोड्नु । | र, किनभने, यदि, या, जब, तसर्थ, किन्तु आदि । |
| विस्मयादिबोधक | वक्ता वा लेखकका मनोभावना प्रकट गर्नु मनोदशा र मनोवृतिलाई देखाउनु, तथा हर्ष, शोक, आश्चर्य, प्रशंसा, | अहा! हाइ! ओहो! स्याबास! छि! ए! आदि । |

| | | |
|---|---|---|
| | तिरस्कार, सम्बोधनजस्ता भावलाई बुझाउनु । | |
| निपात | वाक्यमा आएर पद, पदावली, वाक्यको अर्थलाई प्रभावित पार्नु तथा वाक्यात्मक धारणाको अभिव्यक्ति गर्नु । | पो, र नि, लौ, हगि, है, ल, त आदि । |

## ३.२.१ नामको परिचय र तिनका प्रकारहरू

### नाम

वाक्यमा 'को' र 'के' प्रश्नको उत्तरमा आउने शब्दलाई नाम भनिन्छ । वाक्यमा कर्ता, कर्म, पूरक भई आउने शब्द नै नाम हो । व्यक्ति वा वस्तु, प्राणी, पदार्थ, ठाँउ, गुण, धर्म, भावलाई बुझाउने शब्दलाई नाम भनिन्छ , जस्तै :-

के → रामायण, दराज, झोला, घोडा, सुख, दुःख, प्रेम, दया, गर्मी आदि ।

को → राम, श्याम, सम्राट, सुनिता, मुक्ति, विष्णु, शान्ति, गङ्गा, केटो मामा, मान्छे, आइमाई, माइजू, आदि ।

### नामका प्रकारहरू

नामलाई पाँच प्रकारले विभाजन गर्न सकिन्छ, ती हुन् :

अ) **व्यक्तिवाचक नामपद** : कुनै वस्तु वा व्यक्ति वा स्थान वा पदार्थलाई तोके बुझाउनेनाम व्यक्तिवाचक नाम हो ; जस्तै :

वस्तु - टेबुल, रामायण, पुस्तक, कलम आदि ।

व्यक्ति - राम, श्याम, शान्ति, रेनु, ज्योति आदि ।

स्थान - बुटवल, सेमलार, तामनगर, मणिग्राम आदि ।

चाडपर्व - दसैं ल्होसार,तिहार, क्रिसमस आदि ।

नदी - गण्डकी, काशी, कर्णाली, तिनाउ आदि ।

हिमाल तथा पहाड - धौलागिरी, अन्नपूर्ण, सगरमाथा, चुरे आदि ।

आ) **जातिवाचक नाम** : एकै प्रकारका वा जातका सबैलाई बुझाउने साझा नामलाई जातिवाचक नाम भनिन्छ । जातिवाचक नामभित्र व्यक्तिवाचक नामहरू हुन्छन् ; जस्तै

मानिस, कुकुर,महादेश, महासागर, देश, नदी, चाड, हिमाल, घर, पुस्तक, गाउँ, सुँगुर, भैंसी, गाई, मामा आदि ।

इ) **समूहवाचक नाम** : दुई वा दुईभन्दा बढी व्यक्ति वा वस्तुको समुदायलाई बुझाउने नाम समूहवाचक नाम हो ; जस्तै :-

क) दुईवटाको समूह - जोडा, जोर, द्वय, युगल आदि ।

ख) प्राणीको समूह - हुल, भेला, जमात, फौज, गण, पल्टन, सङ्घ, गुल्म आदि ।

ग) वस्तु, चरा वा किराको समूह - बथान, बगाल, झुण्ड, पोलो, गोलो आदि ।

घ) निर्जीव वस्तुको समूह - रास, राशि, पुञ्ज, थुप्रो, डङ्गुर, झुप्पो आदि ।

ई) **द्रव्यवाचक नाम** : गन्न नसकिने तर नाप वा तौल गर्न सकिने पदार्थलाई बुझाउने नामलाई द्रव्यवाचक नाम भनिन्छ, जस्तै :-

ठोस पदार्थ - सुन, चाँदी, फलाम, तामा, हीरा, माटो, ढुङ्गो आदि ।

तरल पदार्थ - दूध, पेट्रोल, डिजल, मट्टितेल, तेल, पानी आदि ।

खाद्य पदार्थ - चामल, पीठो, गहुँ, मासु, नुन आदि ।

ग्याँस पदार्थ - हावा, कार्बनडाइअक्साइड, नाइट्रोजन, अक्सिजन आदि ।

उ) **भाववाचक नाम** : व्यक्ति वा वस्तुमा रहने गुण, धर्म, दशा, अवस्था, दोष, व्यापार बुझाउने नाम भाववाचक नाम हो । भाववाचक नाम देख्न नसकिने तर अनुभव गर्न सकिने हुन्छन् । भाववाचक नाम जातिवाचक नामबाट, गुणबोधक विशेषणबाट र धातुबाट पनि बन्दछन् । जस्तै :-

| | |
|---|---|
| भाववाचक | -दया, माया, सुख, दुःख, रिस, साहस, गर्मी, शोक, पीडा आदि । |
| जातिवाचक नामबाट | - राष्ट्रियता, मानवता, वानरपन, आदि । |
| गुणबोधक विशेषणबाट | - वीरता, सुन्दरता, सौन्दर्य, धैर्य आदि । |
| धातुबाट | - पढाइ,, लेखाइ, हिँडाइ, रूवाइ, बसाइ आदि । |

### ३.२.२ सर्वनामको परिचय र तिनका प्रकारहरू

**सर्वनाम**

नामको सट्टामा प्रयोग भई नामको पुनरूक्तिलाई हटाउन प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम नाम, नाम पदसमूह र वाक्यको सट्टामा प्रयोग हुन सक्छ । यो विकारी शब्दवर्गमा पर्दछ । तसर्थ नाम पद, नाम पदसमूह र वाक्यका सट्टामा प्रयोग हुने नामिक पदलाई सर्वनाम भनिन्छ ; जस्तै :-

जो ध्यान दिएर पढ्छ, त्यो पास हुन्छ ।

जुन खराब छ, त्यो खानु हुँदैन ।

नाम - **हरिश**ले गीत गाउँछ । **ऊ** चर्चित गायक हो ।

नामसमूह -**अनुशासनहीन विद्यार्थीहरू** पढ्नमा ध्यान दिँदैनन् । **तिनीहरू** फेल हुन्छन् ।

वाक्य - **मिहिनेत गरेर पढ्नुपर्छ** । **यो** राम्रो बानी हो ।

**सर्वनामका प्रकारहरू**

सर्वनाम पुरूषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक आदि गरी पाँच प्रकारका छन् :

१) **पुरूषवाचक सर्वनाम** : वक्ता, श्रोता वा कथ्य विषयलाई जनाउने सर्वनाम पुरूषवाचक सर्वनाम हो । यसले पुरूष वा व्यक्तिलाई जनाउने भएकाले यसलाई व्यक्तिवाचक सर्वनाम पनि भनिन्छ । यो निम्न प्रकारको हुन्छ :

प्रथम पुरूषवाचक - (वक्ता/प्रेषक) → म, हामी, हामीहरू ।

द्धितीय पुरूषवाचक - (श्रोता/प्रापक) → तँ, तिमी, तपाईं, यहाँ, यहाँहरू ।

तृतीय पुरूषवाचक - (वक्ता/श्रोता वा प्रेषक/प्रापकहरू) → यो, ऊ, त्यो, यिनी, तिनी, यी, यिनी, उनी ।

२) **दर्शकवाचक सर्वनामः** नजिक वा टाढाका व्यक्ति वा वस्तुलाई किटान गरेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ ; जस्तै :

निकटवाचक → यो, यी, यिनी, यिनीहरू यहाँ, यहाँहरू ।

दूरवाचक → त्यो, ती, तिनी, तिनीहरू, उहाँ, उहाँहरू ।

३) **सम्बन्धवाचक सर्वनाम:** दुई वा दुईभन्दा बढी उपवाक्यहरूलाई जोड्न आउने सर्वनाम सम्बन्धवाचक सर्वनाम हो । यसले मानवीय, मानवेतर दुवै सन्दर्भलाई जनाउँछ; जस्तै :

मानवीय → जो, जोजो, जस, जोसुकै

अमानवीय → जे, जेजे, जेसुकै

मानवीय र अमानवीय → जुन, जुनजुन, जुनसुकै

४) **निजवाचक सर्वनाम :** निजत्व बुझाउन प्रयोग हुने सर्वनामलाई निजवाचक सर्वनाम भनिन्छ । यो तीनवटै पुरूषका पछाडि प्रयोग हुन सक्छ । यसले कर्ता स्वयम्लाई बुझाउँछ; जस्तै : आफू, आफूहरू, स्वयम्, निजवाचक सर्वनाम हुन् । यसलाई आत्मवाचक सर्वनाम पनि भनिन्छ ।

५) **प्रश्नवाचक सर्वनाम :** कुनै व्यक्ति, वस्तु वा स्थानका बारेमा प्रश्न व्यक्त गर्ने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । यी सर्वनामहरू निश्चयवाचक र अनिश्चयवाचक दुवै हुन्छन् ; जस्तै :

निश्चयवाचक : मानवीय → को, कोको , अमानवीय → के, केके

मानवीय र अमानवीय → कुन, कुनकुन

अनिश्चयवाचक : मानवीय → कोही, कोहीकोही

अमानवीय → केही, केहीकेही

मानवीय र अमानवीय → कुनै, कुनैकुनै

स्थानवाचक → कहाँ, कहाँ-कहाँ

### ३.२.४ विशेषणको परिचय र तिनका प्रकारहरू

**विशेषण**

कुन, कस्तो, कत्रो, कति आदि प्रश्नको उत्तरमा आउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले नाम वा सर्वनामको गुण, दोष, अवस्था, सङ्ख्या, स्वभाव, परिमाणलाई बुझाउँछ । विशेषण विकारी शब्दवर्ग हो, जस्तै :

रूख सुकेको छ ।  → कस्तो छ ? **सुकेको**

जेठो छोरो चलाख छ । → कुन छोरो ? **जेठो**

रूख ठूलो छ ।  → कत्रो छ ? **ठूलो**

धेरै बसहरू आए ।  → कति आए ? **धेरै**

**विशेषणका प्रकारहरू**

१) **गुणबोधक :** कुन, कस्तो, कत्रोसँग सम्बन्धित भई नाम, सर्वनामको विशेषता, ूवरूप जनाउने विशेषण गुणबोधक विशेषण हो । यसले नाम, सर्वनामको गुणदोष, आकार, स्वभाव, अवस्था, आदिलाई बुझाउँछ ; जस्तै :

आकारवाचक - सानो, ठूलो, अग्लो, होचो, मोटो,नेप्टे .............।

अवस्थावाचक - रोगी, कमजोर, धनी, गरिब, दुब्लो, लङ्गडो..........।

कालवाचक - नयाँ, पुरानो, आगामी, आधुनिक, वार्षिक, चैते, पाक्षिक......।

गुणवाचक - असल, खराब, राम्रो, लोभी, चलाख, बलियो,जाने........।

पदार्थवाचक - उनी, किताब, घरेलु, नाम्ले, डोके, चन्दने, तामे.........।

रङवाचक - काले, नीलो, सुनौलो, गुलाबी, चहकिलो .........।

स्थानवाचक - पाल्पाली, स्याङ्जाली, कीर्तिपुर, पूर्वी, झापाली ..........।

जातिवाचक - नेवारी, अङ्ग्रेजी, भारतीय, नेपाली ...........।

२) **परिमाणवाचक :** 'कति' वा 'के-कति' भन्ने प्रश्नको उत्तरमा आउने र विशेष्यको यति, उति भनेर पमिाण बताउने विशेषण परिमाणवाचक विशेषण हो; जस्तै : धेरै, थोरै, अलिकति, प्रशस्त, ज्यादा, बढी, कम, घटी, कम्ती, आधा, पूरा, सम्पूर्ण, सबै, सारा, तमाम, अधिकांश, धेरैजसो, प्राय:, यति, त्यति, उति, कति, जति आदि ।

३) **सङ्ख्यावाचक :** विशेष्य (नाम वा सर्वनाम) को सङ्ख्या बुझाउने विशेषणलाई सङ्ख्यावाचक विशेषण भनिन्छ । सङ्ख्यावाचक विशेषण 'कति' प्रश्नको उत्तरमा आउँछ; जस्तै :दुई, चार, पहिलो, दोस्रो, एकोहोरो, दोहोरो, सवा, पौने, डेढ, सयौँ, दुवै, तीनै, हरेक, प्रत्येक, एकेक, एउटा, दुईवटा, तीनवटा आदि ।

४) **सार्वनामिक विशेषण :** विशेष्यको अघि आएर विशेषता प्रकट गरी विशेषणको कार्य गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । यस्ता विशेषणहरू दर्शक, सम्बन्ध, प्रश्नवाचक सर्वनामसँग सम्बन्धित हुन्छन्; जस्तै :

दर्शकवाचक → यो, यी, यही, यिनै, त्यो, ती, त्यही, तिनै, उही, उनै, यस्तो, यस्ता, यत्रा, त्यस्तो, त्यस्ता, त्यत्रो, त्यति, उस्तो, उत्रा, उस्ता, उति आदि ।

सम्बन्धवाचक → जो,जोजो,जे, जेजे, जुन, जनेसुकै, जेसुकै, जस्तो, जस्ता, जत्रो आदि ।

प्रश्नवाचक → को, के, कोको, केके, कुन, कुनकुन, कोही, केही, कस्तो, कस्ता, कत्रो, कत्रा, कति आदि ।

५) **भेदक विशेषण :** षष्ठी विभक्ति को, का, की, रो रा, री, नो ना, नी लागेका शब्दहरू भेदक विशेषण हुन् । भेदकले नामलाई अन्य पदबाट छुट्ट्याएर विशेषता बताउँछ । तसर्थ विशेषणका रूपमा काम गर्न आउने भेदकलाई भेदक विशेषण भनिन्छ; जस्तै : **मेरो** भाइ, **आफ्नी** बहिनी, **कालेकी** आमा आदि ।

### ३.२.५ क्रियाको परिचय र तिनको प्रकारहरू

#### क्रिया

वाक्यमा कर्ताले गरेको कार्य, घटेको घटना, प्रक्रिया, कर्ताको अवस्था वा स्थितिलाई बुझाउने शब्दलाई क्रिया भनिन्छ । क्रिया वाक्यमा विधेयको रूपमा आई वाक्यलाई टुङ्ग्याउँछ र अर्थ प्रदान गर्दछ ।

#### क्रियाका प्रकारहरू

क्रियालाई वाक्य समापनका आधारमा, कर्मका आधारमा, अर्थप्रधानताका आधारमा, बनोट वा संरचनाका आधारमा वर्गीकरण गरिन्छ ; जुन यसप्रकार छ :

**वाक्य समापनका आधारमा** -समापिका क्रिया (वाक्य टुङ्ग्याउने क्रिया) जस्तै : खान्छ , जान्छ ।

-असमापिका क्रिया (वाक्य नटुङ्ग्याउने क्रिया) जस्तैः खाएर, गएर

**कर्मका आधारमा** - अकर्मक (कर्म नलिने) खुल्छ, थाल्छ आदि ।

- सकर्मक (कर्म लिने) खान्छ, पढ्छ आदि ।

**अर्थप्रधानताका आधरमा -** मुख्य क्रिया (कोशीय अर्थ हुने) लेख्दै, लेखेको आदि ।

- सहायक क्रिया (कोशीय अर्थ नहुने) पढ्दै छु, हाँसेको थियो आदि

**बनोट वा संरचनाका आधारमा -** सरल क्रिया (एउटा धातुमा निर्मित) रोला, सुत्ला आदि ।

- संयुक्त क्रिया - (एक भन्दा बढी धातुबाट निर्मित) पढिसक्नुपर्छ, गरिसक्नुपर्छ आदि ।

## ३.२.६ क्रियायोगीको परिचय र प्रकारहरू

### क्रियायोगी/क्रियाविशेषण

क्रियासँग सोधिने किन, कसरी, कहाँ, कहिले, कति, कतिन्जेल, कतिखेर जस्ता प्रश्नको उत्तरमा आउने शब्दलाई क्रियायोगी भनिन्छ । क्रियाको काल, स्थान, रीति र परिमाण बताएर क्रियाको विशेषता प्रकट गर्ने शब्दहरू क्रियायोगी हुन् । वाक्यमा क्रियाका साथै विशेषण, क्रियाविशेषण र वाक्यको विशेषता बताउने अविकारी पदहरू क्रियायोगी हुन् । क्रियायोगीलाई कालवाचक, स्थानवाचक, परिमाणवाचक र रीतिवाचक गरी चार भागमा वर्गीकरण गर्न सकिन्छ । हिजो, आज बिहान, अघि, तल, माथि, जतातातै, खुरूखुरू, सरासर, सुते, सुनी, भई, खाएर, मजाले आदि क्रियायोगीका उदाहरण हुन् ।

## ३.२.७ नामयोगीको परिचय र प्रकारहरू

### नामयोगी

नामिक पदसँग जोडिएर क्रियासँग अर्थगत सम्बन्ध जनाउन आउने शब्दलाई नामयोगी भनिन्छ । नामयोगी विभक्तिजस्तै नामिक पदमा जोडिए पनि यिनीहरू विभक्ति नभई अव्यय पदहरू हुन् । नामयोगीले नामिक पदका साथै पदसमूह र क्रियाका बीचमा सम्बन्ध स्थापित गर्दछ; जस्तैः

| वाक्य | नामयोगी | सम्बन्ध |
|---|---|---|
| हरिसित कलम छ । | सित | हरिको ‘कलम’ र ‘छ’ सँग |
| भाइ खाटमाथि छ । | माथि | भाइको ‘खाट’ र ‘छ’ सँग |

नामयोगीलाई स्थानवाचक, समयवाचक, कारणवाचक र रीतिवाचक गरी चार भागमा वर्गीकरण गर्न सकिन्छ । माथि, मुनि, उपर, पछि, ताका, अघि, जस्तै, समान, निम्ति, तर्फ, सित, बिना, सिवाय आदि नामयोगीका उदाहरण हुन् ।

### ३.२.८ संयोजकको परिचय र प्रकारहरू

**संयोजक**

पद, पदावली, उपवाक्य र वाक्यलाई जोड्ने शब्द संयोजक हो । संयोजकले व्याकरणिक एकाइलाई जोड्दछ । यो अव्यय वा अविकारी शब्दवर्ग हो । र, पनि, तर, तथापि, किनकी आदि संयोजकहरू हुन् ; जस्तै : रमेश र सरिता भागे ।

संयोजकलाई सापेक्ष र निरपेक्ष गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । सापेक्ष संयोजकमा जब-तब, जसरी-त्यसरी, भन्ने, भनेर, भनी आदि पर्दछन भने निरपेक्षमा पनि, र, अनि, तर, या, वा, अथवा, कि, यद्यपि आदि संयोजक पर्दछन् ।

### ३.२.९ विस्मयादिबोधकको परिचय र प्रकारहरू

**विस्मयादिबोधक**

वक्ताका मनका हर्ष, विस्मात्, शोक, घृणा, आश्चर्यजस्ता मनोभाव वा दशालाई बुझाउने शब्दलाई विस्मयादिबोधक भनिन्छ । विस्मयादिबोधक चिन्हहरू वाक्यको अगाडि वा पछाडि आउँछन्; जस्तै :-हरे ! शिव, मरे नि ऐय्या !

**विस्मयादिबोधकका केही नमुनाहरू** :

अहा, आहा, धन्य, ओहो, नि, ज्या, हा हा, अँ ए/ऐ, औ, ओइ, उतु ल, भो आदि ।

### ३.२.१० निपातको परिचय र प्रकारहरू

**निपात**

स्वतन्त्र अर्थ दिन नसक्ने तर वाक्यमा आएर आग्रह, स्वीकृति, अनुमति, निश्चित, अनिश्चित, धारणा, अनुभूतिलाई प्रकट गर्न सहयोग पुऱ्याउने, अर्थमा बल पुऱ्याउने र अर्थमा भिन्नतासमेत ल्याउने अव्यय पदलाई निपात भनिन्छ; जस्तै : हैन **ब्यारे** ढाँट्यो ।

**केही निपातहरू :**

खै, है, नि, पो, न, नै, नाइँ, अहँ, अँ, क्यारे, आच्चे, होगि, लौ, क्यारे, र, रे, के, लौ, पो, अरे, हजुरको, चाहिने, जोसो, भन्नुपरे, भाउ आदि ।

## ३.३ शब्दको परिचय

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । 'घर, घरेलु, पानी, पन्यालो' आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थपूर्ण पनि हुने भएको यी स्वतन्त्र उपसर्ग (प्र, वि, निर, आदि) तथा प्रत्यय (एलु, आलो, एर आदि) को प्रयोग स्वतन्त्र रूपमा नहुने र तिनको अर्थ पनि नभएकाले ती शब्द हाइनन् । यस्तै पढ्, गर्, लेख्, धातुहरू अर्थयुक्त भएपनि स्वतन्त्र प्रयोग नहुने हुनाले तिनलाई शब्द मानिदैन । वाक्यमा प्रयोग भएका वा प्रयोग हुन योग्य शब्दलाई पद पनि मानिन्छ ।

शब्द - म, भाइ, किताब, दिएँ ।

पद - मैले भाइलाई किताब दिएँ ।

### ३.३.१ शब्दको वर्गीकरण

शब्दको वर्गीकरण गर्ने आधार धेरै छन् । तीमध्ये स्रोत, वनोट र कार्यका आधारमा शब्दका भिन्न भिन्न वर्गहरू हुन्छन् तर यस शोधकार्यको विषयवस्तु अनुसार स्रोतका आधारमा शब्दको वर्गीकरणको सैद्धान्तिक आधारको मात्र चर्चा गरिएको छ । जुन यसप्रकार रहेको छ :

#### ३.३.१.१ स्रोतका आधारमा नेपाली शब्दको वर्गीकरण

नेपाली भाषाको शब्दभण्डार धेरै जसो संस्कृत भाषाकै शब्दहरूले भरिएको छ । केही शब्दहरू अन्य भाषाबाट पनि आएका छन् । यसै आधारमा नेपाली शब्दहरूलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा बाँड्न सकिन्छ :

क) मौलिक शब्द

ख) आगन्तुक शब्द

**क) मौलिक शब्द**

नेपाली भाषाको मूल संस्कृत हो । संस्कृत भाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ । यिनलाई तत्सम र तद्भव गरी दुई प्रकारमा बाँड्न सकिन्छ :

**अ) तत्सम शब्द**

तत्सम भन्नाले संस्कृत भाषाबाट जस्ता को तस्तै नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । तत्समको अर्थ 'पहिले भएजस्तो' भन्ने हो । यस्ता शब्दहरू लेख्दा संस्कृत

कै वर्ण विन्यास प्रयोग गरिन्छ । तत्सम शब्दका केही उदाहरण : अक्षर, अभिनेत्री, उपस्थिति, एकाङ्की, ज्ञान, तिथि, वाणी, शिव, षड्यन्त्र, सम्राट, त्रिभुवन, अधिक, शिरीष, निर्वाण आदि ।

**आ) तद्भव शब्द**

तद्भवको अर्थ 'त्यसबाट बनेका' भन्ने हुन्छ । संस्कृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तन र विकसित हुँदै आएका शब्दलाई तद्भव भनिन्छ । तद्भव शब्द सामान्यतया संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका छन् । जस्तै केही उदाहरणहरू :

| संस्कृत | प्राकृत | नेपाली |
|---|---|---|
| अग्नि | अग्गी | आगो |
| अद्य | अज्ज | आज |
| गंभीर | गहरो | गहिरो |
| हस्त | हत्थ | हात |

तत्सम र आगन्तुक बाहेकका स्रोत नखुल्ने सबै झर्रा नेपाली शब्दहरू तथा अनुकरणात्मक शब्दहरूलाई पनि तद्भव शब्द नै भनिन्छ ।

**ख)आगन्तुक शब्द**

आगन्तुक शब्द भन्नाले बाहिरबाट आएको शब्द भन्ने बुझिन्छ । अन्य भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दहरूमा नेपाली भित्रै बोलिने अन्य भाषा तथा अन्य देशबाट पनि आएका हुन सक्दछन् । केही उदाहरण निम्न छन् :

**स्वदेशी आगन्तुक शब्दहरू :** **किराँती** - खम्बू, मुग्धुम, चाम्लिङ्

**गुरूङ** - घले, रादी। खुर्पा, राडी

**तामाङ** - याङ, डम्फू, सेलो, च्याम्बा

**भोटे** - यति, रक्सी, लामा, डाँफे

**नेवारी** - कौसी, चाकु, छिँडी, डकर्मी

**मगर** - आले, आँसी, चुदी, रोल्पा

**मैथली** - जन, ढाट, पटुका, पैनी

**विदेशी आगन्तुक शब्दहरू :** **अङ्ग्रेजी** - एक्सरे, कोट, जिप, टिकट

**चिनिँया** - चाउचाउ, मोमो, लिची

**तुर्की** - कल्की, कालीन, कैंची, चम्चा, बहादुर

**तेलगु** - कच्चा, गुण्डा, झण्डा, डोली

**पोर्तुगाली** - आचार, इस्त्री, कफी, गमला

**फारसी** - अनार, आम्दानी, कुस्ती, जागिर

**फ्रान्सेली** - कर्फ्यू, कलेज, विगुल, पुलिस

**ल्याटिन** - क्याम्पस, स्टुडियो, भासलिन, कोटा

**हिन्दी** - अचम्म, कपर्दी, घुर्की, भपापट, जिलेबी आदि ।

# अध्यायः चार

# व्याख्या र विश्लेषण

## ४.१ परिचय

प्राथमिक विद्यालय तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शीर्षकमा शोधकार्य गर्दा उक्त पाठ्यपुस्तकमा प्रयुक्त कठिन शब्दहरूको वर्गीकरण तथा विश्लेषणका निम्ति नेपाली बृहत् शब्दकोश (२०४०), प्रयोगात्मक नेपाली शब्दकोश (२०६१), नेपाली शब्दसागर (२०६२), नेपाली विद्यार्थी शब्दमाला (२०६३) लाई आधार बनाइएको छ । अध्ययन विश्लेषणका क्रममा देखिएका अन्य विविध समस्याका लागि गौण सामग्री अन्तर्गत शिक्षकवर्ग, भाषा विशेषज्ञ, शिक्षाविद् तथा शोध निर्देशकको सल्लाहा, सुझाव, सहयोग एवम् परामर्श समेत लिइएको छ । प्राथमिक तहको पाठ्यपुस्तकमा रहेका शब्दहरूको व्युत्पत्तिगत अर्थ, पदवर्ग, उदाहरण, प्रयोगलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

( अ )

**अङ्ग**- ना. तत्स. १. कुनै सिङ्गो अङ्ग वा वस्तु प्रणालीका संरचना अवयंव

२. कुनै वस्तुको भाग ।

≈ मानिसका दशै अङ्ग शत्रु हुन् ।

**अठोट**- ना. तत्स १. पक्कासँग गरिएको निर्णय वा निधो ।

≈ रामले पढ्नका लागि विदेश जाने अठोट गऱ्यो ।

**अधबैंसे** - वि. (आधा+बैंस+ए) आधा उमेर ढल्केको बुढौलीतिर जान लागेको ।

≈ सीता अधबैंसे आइमाई हो ।

**अनन्त**- वि. तत्स. ( अन्+अन्त) १. सीमा नभएको २. अपार, अनगिन्ती, टुङ्गो नभएको ।

**अनादि-** वि. तत्स (अन्+ आदि) १. शुरू थाहा नभएको २. सदादेखि चलिआएको ३. परापूर्वकाल ।

≈ मानव सभ्यता अनादि कालदेखि विकास हुँदै आएको छ ।

**अपरान्ह**- ना. तत्स. (अपर+अन्ह) १. दिनको मध्यान्ह पछिको भाग दोपहर १२ बजेपछिको समय ।

≈ हामी अपरान्हमा खाजा खान्छौँ ।

**अपाङ्ग** - वि. ⁄ ना. तत्स ( अप+अङ्ग) १. अङ्गभङ्ग भएको , शरिरको कुनै अङ्ग विकृत भएको

≈ हामी अपाङ्गहरूलाई माया गर्नुपर्छ ।

**अमृत** - वि. तत्स. (अ+मृत) १. नमरेको , जिउँदो २. अमरत्व दिने अमर ३. अति मिठो अमर हुने पदार्थ ।

≈ देवताहरूलाई अमृत दिएर सबैलाई व्युताइन्छ ।

**अर्पण** - तत्स. (अर्प+अन) १. श्रद्धापूर्वक दिने वा चढाउने २. सार्वजनिक कार्यको निम्ति निस्वार्थ भावले सेव गर्ने ।

≈ रामले घर खेत विद्यालयलाई अर्पण गऱ्यो ।

**अवलोकन** -तत्स. (अव+लोक+अन् ) ना १. सुक्ष्म रूपमा हेर्ने काम । नियाल्ने काम, अध्ययन गर्ने काम, २. निरिक्षण

≈ हामी पोखरामा विन्ध्यवासिनीको अवलोकन गऱ्यौं ।

**अशक्त**- वि.तत्सं. (अ+शक+त) वि. १. शारीरिक रूपमा कमजोर बल नभएको २. निर्धो

**अहिंसा**- तत्स. (अ+हिंसा) न.१. हिंसाको अभाव . २. काटमार नगर्ने काम ३. कसैलाई दुःख नदिने आचरण गर्ने ।

≈ अहिंसालाई मानवको सबैभन्दा ठूलो धर्म मानिन्छ ।

**अहोरात्र**- तत्स. (अहस+रात्री) ना. १. दिनरात, २. सधैं ३. सर्वदा ।

≈ हामी आफ्नो काममा अहोरात्र खटिनुपर्छ ।

**आत्मीय**-तत्स. (आत्म+ईय) वि.१. आत्मासम्बन्धी आत्मासँग मिल्ने । २. आफ्नो पक्षको । ३. आफ्नो मानिस ।

≈ श्याम मेरो आत्मीय व्यक्ति हो ।

**आयआर्जन** - ना. तत्स. (आय+आर्जन) १.आम्दानी बढाउने काम, आयको बृद्धि गर्ने काम ।

≈ हरिले फलफूल खेतीबाट प्रशस्त्र आयआर्जन गरेको छ ।

**आश्चर्य**- ना. तत्स १. अनौठौ २. अचम्म लाग्ने ।

≈ उसको कुरा सुनेर मलाई अचम्म लाग्यो ।

**उजाड**- ना. जरासमेत नरहने गरी बोटविरूवाको विनाश गर्ने काम ।

≈ खडेरीले बालीनाली उजाड पाऱ्यो ।

**उत्सुकता**- तत्स. (उत्सुक+ता) १.चासो , अभिरूचि २. इच्छा ।

≈ रामले उत्सुकताका साथ कम्प्यूटर सिक्यो ।

**उद्योग**- ना. तत्स. (उन्+यो) १. कुनै सामान उत्पादन गर्ने मेसिन । २. व्यवसाय, इलम

≈ रामले चोरी गर्ने उद्योग गऱ्यो ।

**उपकारी** -तत्स. (उपकार+इ) १. अर्काको भलाई गर्ने । २. हितकारी

≈ उपकारी मानिस सधैं निहुरिन्छ ।

**उपचार**- ना. तत्स. (उप+चार) १.रोगबाट बचाउन गरिने उपाय, २. ओखतीमुलो ।

≈ बिरामी उपचार पाएन भने मर्न सक्छ ।

**उपदेश**- ना.तत्स. (उप+देश)१. असल कामका लागि दिइने अर्ती शिक्षा, २. नीतिका कुरा

≈ साधुसन्तका उपदेश सुन्नुपर्छ ।

**उपेक्षा**- ना. तत्स. (उप+ईक्षा) १. बेवास्ता २. अनादर, हेला ।

≈ उसले मेरो भनाईलाई उपेक्षा गऱ्यो ।

**ऊर्जा**- ना. तत्स. इन्धन आदि ग्यासबाट प्राप्त हुने शक्ति

≈ गोबरलाई हामी उर्जाको रूपमा प्रयोग गर्न सक्दछौँ ।

**ऋण**- ना. तत्स. अरूसँग लिएको सापटी ।

≈ उसले साहुको ऋण तिऱ्यो ।

( **क** )

**कम्प्यूटर** - ना. आ. १. विविध सूचनाको संकलन भन्डारन, चयन आदि जटिल कार्यहरू छिटो सम्पन्न गर्ने मेसिन

≈ कम्प्यूटर काम छिटो गर्दछ ।

**कर्म**- ना. तत्स. १. व्यक्तिले गर्ने काम , कार्य २. कर्ताको असर पर्ने नामिक पद ।

≈हामी कर्ममा विश्वास गर्नुपर्छ ।

**काँध**- ना. तत्स. १. गर्धन रणखुराको जोर्नीमा पर्ने शरिरको भाग । २. भार, जिम्मेवारी ।

≈हामीले आपत्मा परेकालाई काँध थाप्नुपर्छ ।

**कुञ्ज**- ना. तत्स. १.लहरा रूख आदिले ढाकिएको वन, २. लता, गृह ।

≈ पंक्षीहरू कुञ्जमा वस्छन् ।

(ख)

**खनिज**- वि. तत्स.(खनि+ज) १. खानीबाट निस्केको । २. जमिनमा प्राकृतिक रूपमा पाइने ।

≈ खानीमा खनिज पाइन्छ ।

**खसखस हुनु**- अकि. (खसखस+आउ+सु) घाँटीमा असजिलो हुनु ।

≈ मेरो घाँटी खसखसायो ।

**खुल्दुली**- ना. (खुलदुल+ई) कनै कामबारे जान्ने इच्छा ।

≈ मलाई रामको कुराले खुलदुली जाग्यो ।

**खेलो**- ना. (खेल+ओ) व्यवयास, व्यपार आदिमा नाफा कमाउने काम ।

≈ रामले जग्गाको खेलो गरेर पैसा कमायो ।

**खोर**- ना. तत्स. १. जीवजन्तु पाल्न वा थुन्न बनाइएको साँघुरो कोठो २. थुनुवालाई थुन्ने साँघुरो कोठो ।

≈ मैले घरमा बाखा खोर बनाएको छु ।

**ख्याति**- ना. (ख्या+ति) प्रसिद्धि ।

≈ अचेल समाजमा उनको ख्याति बढेको छ ।

(ग)

**गतिविधि**-ना. तत्स. (गति+विधि) १. व्यक्ति सघसंस्था आदिको क्रियाकलाप २. प्रकृतिमा हुने परिवर्तनको प्रक्रिया ।

≈ रामको गतिविधि अचेल राम्रो बनेको छ ।

**गहन**- वि. तत्स. १. गहिराइ २. गम्भीर ३. कठिन ।

≈ स्रोताहरूले त्यस पुस्तकको गहन अध्ययन गरेका छन् ।

**गिरि**- ना. तत्स.  पहाड, पर्वत ।

≈ म गिरिको माथिपट्टि जान्छु ।

**गुँड**- ना. १. चराहरूको बासस्थान, मातृपक्ष २. खोपी ।

≈ हामी दुई गुँडका सन्तान हौ ।

**गुम्बा** - ना. बुद्धधर्मालम्बी तामाङ, शेर्पा आदिको मन्दिर, देवालय, उपसना केन्द्र ।

≈ भिक्षहुरू गुम्बामा प्रार्थना गर्छन् ।

**गौरव**- ना.तत्स. महान् हुनाको अवस्था वा भाव, इज्जत् आदर; भाव; महत्त्व आदि ।

≈ धेरै विद्यार्थी सफल भएकामा शिक्षकहरूले गौरव माने ।

(घ)

**घना**- वि. तत्स. १ बाक्लो, खदिलो; सघन २. प्रशस्त

≈सहरमा बस्ती घना हुन्छ ।

**घन्किनु**- अकि. आ. (घनक्क +इनु) १. धेरै जनाले एकैचोटी बोल्दा ठूलो आवाज आउनु; २. रन्को छुट्नु ।

≈ पल्ला घरको विवाहमा बाजा घन्किए ।

**घमण्ड** - ना. १. आफूलाई ठूलो र अरूलाई सानो ठान्ने भावना । २. गर्व; अभिमान ।

≈ उसले छोराको पौरख प्रति घमण्ड गऱ्यो ।

**घरान**- ना. (घर+आन) घरको सम्पत्ति तथा मर्यादा ;वंश कुल; खानदान ।

≈ रामको घरान राम्रो छ ।

**घेरूवा**- ना.(घेर+उवा) वरिपरि डिलपारी बीचको पानी अल्झेर माछा मार्न बनाइएको ठाउँ ।

≈ माझीहरूले घेरूवाबाट माछा मार्छन् ।

**घातक**- वि. तत्स. (घात् +अक) १. घात गर्ने । २. मार्ने ;बध गर्ने ३. हानी गर्ने ; विगार गर्ने ३. कुभलो गर्ने /आलोक

≈ राम एउटा घातक व्यक्ति हो ।

**घुइँचो** - ना. धेरै मानिसको भिडभाड, धन्चमन्च , घचारो ।

≈ बजारमा धेरै मानिसको घुइँचो थियो ।

**घुच्चा** - ना. घुस्सा कुमको धक्का ।

≈ रामले घुच्चा हानेर माइलाई लडायो ।

**घुन**- ना. मकै;काठ आदिमा लाग्ने एकप्रकारको किरो ।

≈ घुन लागेको मकै बिउ बन्दैन ।

**घुम्ती** - ना. (घुम्+ती) १. सोझो नभएर घुमाउरो परेको बाटो २. मोड ।

≈ त्यस बाटामा सात ओटा घुम्ती छन् ।

## (च)

**चकटी**- ना. पराल आदिबाट बनाइएको सानो पिर्का जस्तो खालको बस्ने साधन ।

≈ ऊ चकटीमा बस्छ ।

**चनाखो** -वि. तीक्ष्ण बुद्धिको ; चतुर; बाठो ;चलाख टाठो ; होसियार चंख ;सचेत ।

≈ सीताको भाइ चनाखो  छ ।

**चमत्कार**- ना. वि. (चमत्+कार) १. आश्चर्य अचम्म विस्मय । २. जादु तमाँसा ।

≈ सन्तोषले आज चमत्कार गऱ्यो ।

**चमेली**- ना. लहरामा फुल्ने सेतो वा पहेलो हुने वास्नादार साना साना फूल विशेष

≈ चमेली फुल्दा वनै रमाइलो हुन्छ ।

**चयन**-  ना. तत्स. (चि+अन) १. हान्ने वा चुन्ने काम । २. छनोट मनोनयन ।

≈ गाउँलेहरूले उसलाई सभापति चयन गरे ।

**चरण**- ना. तत्स. १. गोडा, पाउ, २. कुनै कविताको हरफ स्तम्भ  ३. वंश ४. पुस्ता ५.वेदको एक शाखा

≈ कविताका विभिन्न चरण हुन्छन् ।

**चरित्र**- ना. तत्स. (चर+इत्र) १.कुनै व्यक्तिको बानी बेहोराजीवनी

≈ ऊ असल चरित्रको मान्छे हो ।

**चेतनशील** - वि. तत्स. (चेतन+शील) चेतना भएको ;सचेत ।

≈ मानिस चेतनशील प्राणी हो ।

**चेपारे** - वि. तत्स. (चेपारो + ए) १ चिप्लो  घसेर आफु सखिलो बन्ने २. नभएको कुरो पनि हो  जस्तै बनाउने । ३. साँघुरो ठाउँ ।

≈ मलाई चेपारे कुरा मन पर्दैन ।

**चेलो**- ना. गुरूसँग शिक्षा लिने छोरा सरहको व्यक्ति, विद्यार्थी , शिष्य अनुयायी ।

≈ राजनीतिमा उनका चेलाहरू धेरै छन् ।

**चौपट्टै**- क्रि.वि. १. अत्यन्त विछट्ट २. अति; ज्यादा; धेरै ।

≈ आज मलाई चौपट्टै निद्रा लागेको छ ।

**चौतर्फी**- वि. (चौतर्फ +ई) १. चौरतर्फको । २. चारैतिरको । ३. समग्र,सर्वतोमुखी ।

≈ पढाइबाट चौतर्फी विकास गर्न सकिन्छ ।

**(छ)**

**छडी**- ना. (छड्+ई) बाँस बेत आदिको सानो सुरिलो लट्ठी ।

≈ उसले बेतको छडीले घोडालाई हान्यो ।

**छन्द**- ना. तत्स. १. एउटै गति र यतिमा पढ्न सकिने लय २. हाँर, ढङ्ग ३. संकेत ४. आभास ।

≈ कविता छन्दमा पनि लेखिन्छन् ।

**छवि**- ना .तत्स. १. कनै वस्तुको शोभा कान्ति, चमक २. छाया, चित्र ३. तस्विर ।

≈ रामको छवि निकै राम्रो छ ।

**छाता**- ना. तत्स. करङमा कपडाको गोलो छानो लाई बनाएको धातु ,काठ आदिको लट्ठी भएको घामपानी छेक्न हुने ओढ्ने साधन ।

≈ म छाता ओढ्छु ।

**छाप्रो** - ना. तत्स. १. खर वा छाएको सानोतिनो घर । २. वरिपरि सेउलाले बारेर सेउलाले नै छाएको सानो गोठ, बस्न हुने कुटी ।

≈ म छाप्रोमा बस्छु ।

**छायाँ**- ना. तत्स. १. सूर्यका किरणहरू छेकिएको ठाउँ । २. बत्तीको प्रकाश छेकिदा देखापर्ने ओभ्केल । ३. ऐना, पानी आदिमा देखापर्ने वस्तुको प्रतिविम्ब । ४. अनुवाद, उल्था, अनुकरण ।

≈ म उहाँको छायाँमा बसेकी छु ।

**छिनाफानो**- ना.(छिनफान+ओ) १. हरहिसाब मिलाउने र चुक्ता गर्ने काम, चुक्ती, फर्छ्यौट, छिनुफानु । २. किनारा लगाउने काम । ३. निधो वा टुङ्गो लगाउने काम

≈ मुद्दाको छिनोफानो हुन बाँकी छ ।

**(ज)**

**जग**- ना. आ. समात्ने भएको पानी उघाउने एक प्रकारको भाँडो ।

≈ उसले जगमा पानी लिएर मुख धोयो ।

**जटिल**- वि. तत्स. (जट+इल) १. फुकाउन वा केलाउन कठिन २. अल्भिएको ३. कठोर ४. क्रुर ।

≈ गणितका हिसाबहरू धेरै जटिल हुन्छन् ।

**जननी-** ना. तत्स. (जन्+अनी) १. जन्मदिने आमा, माता । २. पैदा गर्ने , उत्पत्ति गर्ने, सिर्जना गर्ने । ३. दया, कृपा ।

≈ हामीले जननीलाई माया गर्नुपर्छ ।

**जनसेवा**- ना. तत्स. (जन+सेवा) जनताको हित गर्नुपर्छ भन्ने भावले प्रेरित भएर गरिने सेवा, जनताको सेवा गर्ने जनसेवक ।

≈ हामी जनसेवामा लाग्नुपर्छ ।

**जरिवाना**- ना. आ. १. नगद, रूपिया दण्ड तिर्नुपर्ने गरि अपराधीलाइए गरिएको सजाय; नगद; दण्ड; डाँड ।

≈ खराव काम गर्ने मानिसलाई जरिवाना गर्नुपर्छ ।

**जर्ती**- तत्स. ना. १. अन्न पातहरू सुकेर, उडेर, छरिएर खेर जाने भाग ; बर्सादको कमी खडेरी; ३. शरिरमा गर्मी बढेर हुने जलन ।

≈ पानी नपर्नाले जर्ती भयो ।

**जाति**- ना. तत्स. (जा/जन+ति) १. विशिष्ट ऐतिहासिक पहिचान भएको जोति २. शारिरीक बनोट आकृति संस्कृति आदिबाट चिनिने भिन्न मानिसको वर्ग ३. वंश ;गुण ;रूप; रंङ्ग आदि ।

≈ मानिस प्राणी जातिभित्र पर्दछ ।

**जादुगर**- ना.आ.(जादु+गर) जादु अर्थात चटक देखाउने मानिस ।

≈ जादुगरको जादु देखेर उनिहरू रङ्ग परे ।

**जारी**- वि. (जार+ई) १. चलेको; चालु; प्रचलनमा रहेको; २. लागु पदार्थ कार्यन्वित ३. प्रकाश वा प्रचारमा ल्याउने काम; सार्वजनिक हुने काम प्रकाशन ।

≈ अझै पनि नेपाली समाजमा कमैया प्रथा जारी छ ।

**जिउनी** - ना.तत्स. (जिउ+नी) बाबु आमाले आफ्नो जीवन निर्वाहका लागि आवश्यक ठानी छुट्याएको अंश जग्गा-जमिन खेत आदि सम्पत्ति ।

≈ बाबुले मर्ने बेलामा जसलाई जिउनी दिन्छन् उही छोराले बाबुलाई पाल्नुपर्छ ।

**जिद्दी**- ना. आ. (जिद+ई) १. आफूले भनेजस्तो वा चाहेजस्तो बनाउन गरिने एकोहोरो दबाब; २. ढिपी; दृढ; दुराग्रह ।

≈ बालक बुबासँग बजार जान जिद्दी गर्छ ।

**जिम्मेवारी**- ना.आ (जिम्मेवार+ई) १. अभिभारा लिने । २. उत्तरदायित्व वहन गर्ने । ३. उत्तरदायी

≈ रामले आफ्नो जिम्मेवारी सधैं पूरा गर्छ ।

**जिराफ** - ना.आ. पछिल्तिरका खुट्टा छोटा हुने , अघिल्तिरिका खुट्टा र गर्दन उँटको जस्तो हुने र पुच्छर गाईको जस्तो हुने एक जातको अफ्रिकाली चौपाया ।

≈ जिराफले अग्ला रूखा पात पनि सजिलै पुग्न सक्छ ।

**जितो** - ना.प्रा.१. मूलधन, मुख्य पुँजी २. खर्च गरेर बाँकी ३. जीवन निर्वाह गर्ने विषयवस्तु ४. पिडांलु ;सखरखण्ड ।

**जिल्ल** - वि. (जिल+ल) १. कुनै काम के गरूँ कसो गरूँ अन्योल मा रहेको । २. अचम्ममा परेको ≈ मालिकलाई अकस्मात् अगाडि देख्दा उ जिल्ल पर्‍यो ।

**जिल्ला** - आ. ना. १. प्रशासनिक सुविधाका दृष्टिले बाँडिएको गाउँभन्दा ठूलो अञ्चल भन्दा सानो भौगोलिक क्षेत्र

≈ नेपाललाई ७५ जिल्लामा बाँडिएको छ ।

**जीवन** - ना. तत्स. (जीव+ अन्) १. प्राणीको जन्मदेखि मृत्यु सम्मको अवधि । २. वाँच्ने काम ३. गुजारा निर्वाह ४. यन्त्र उपकरण आदिको टिकाउपन । ५. जिउँदोपन ६. गतिविधी । ≈ मोतीराम भट्टले भानुभक्तको जीवन चरित्र लेखेका छन् ।

**जीविकोपार्जन**- ना. तत्स. १. जीवनवृत्ति जीउपालो २. पेसा व्यावसाय जीवननिर्वाहका लागि गरिने आर्जन ।

≈ मानिसले जीविको पार्जनका लागि केहि न केहि गर्नुपर्छ ।

**जेब**- आ. ना. खल्ती, गोजी, बगली, पाकेट ।

≈ हामीले सामानहरू जेबमा अटाउने गरी राख्छौ ।

**जेल** - ना. आ. अपराधीलाई थुन्ने घर झ्यालखाना जेलखाना कारागार ।

≈ हामीले गल्ती गर्ने मानिसलाई जेलमा थुन्नु पर्छ ।

**ज्ञानेन्द्रिय** - तत्स. ना.(ज्ञान+इन्द्रिय) भौतिक विषयको ज्ञान गराउने आँखा कान नाक जिभ्रो र छाला गरी जम्मा पाँच इन्द्रिय

≈ हाम्रा ज्ञानेन्द्रियको सहायताबाट मात्र हामी चेतना पाउँछौं ।

**ज्योति**- ना.तत्स १.ग्रह-नक्षत्रको प्रकाश बत्ती आगो २. त्यस्तो प्रकाश वा तेज दिने वस्तु ३. आगाको राको ।

≈ विहानमा सूर्यको ज्योतिले हिमाल सेतै चम्किए ।

**झडप**- आ. ना.१. हात हालाहालको स्थिति । २. दुई पक्षका बीचको भिडन्त ,लडन्त । ३ तानातान,खिचातान ।

≈ राम र श्यामको बीचमा कलमको कुरामा झडप भयो ।

**झम्म**- वि. लहरा पात आदिले झपक्क परेको रूख ।

≈ आँप झम्म परेको छ ।

**झरना** - ना. (झर+ना) अग्लो ठाउँबाट हुत्तिइ खसेको पानीको प्रवाह, झरना आदि ।

≈ हामी झरना हेर्न जान्छौं ।

**झाँक** -ना. तत्स हाँगाजस्तो सिङ भएको मृग ;भाले जरायो ।

≈ मृगहरूमा झाँक राम्रो देखिन्छ ।

**झारा**- ना. १. सर्वसाधारण जनताबाट गाउँका मुखिया जमिनदार आदिले लिने ज्याला विनाको सहयोग २. करबलले लगाएको काम ।

≈ सार्वजनिक कामका झारा तिर्नुपर्छ ।

**झुम्मिनु**- अकि. (झुम्म+इ+नु)१. धेरै मानिस एकै ठाउँमा भिड लाग्नु जम्मा हुनु ।

≈ आज बाटोमा मानिसहरू झुम्मिएका छन् ।

**झ्याउ**- ना. १. चिसो ओसिलो भुई, ढुङ्गा, काठ अदिमा जमेको लेडा २. झन्झट लाग्दो दिक्क ।

≈ उसका कुराले मलाई झ्याउ लाग्यो ।

**झ्याउरे**- वि. (झ्याउरो+ए) झ्याउरो भएको, दुब्लाएको निन्यारो, जम्सो, लोसो ।

≈ राम सधैं चलाख हुन्थ्यो , तर आज झ्याउरे भएको छ ।

**झ्याप**- अमू.ना. १. आगो , बत्ती निभाउने काम । २. छिटो सिध्याउने काम ।

≈ चारजनाको खाजा ऊ एक्लै झ्याप पार्‍यो ।

**झ्याली** - ना.(झ्या+ली) झ्याम्टा बाजा ठूलो आकारको झ्याली भएको डम्फु ।

**झ्वास** - अमू.ना. १ आगो झोस्ने गरी पोल्ने चालसँग २. सूचना खबर नदिई ।

≈ रामले मलाई झ्वास जवाफ दियो ।

(**ट**)

**टक**- तत्स. ना. .१. प्रकाश पुञ्जको चमक; सूर्य; चन्द्र ;बत्ती आदिको ऐना, प्रकाश । २. एकसूरको हेराइ, आँखा झिम्म नगरीकन हेराई । ३. लाली ।

≈ रामले मलाई निकै बेरदेखि एकटकले हेर्‍यो ।

**टकटकी**- ना (टकटक +ई) १. एकोहोरो दृष्टिका साथमा एक टक लगाएर । २. धुलोमूलो पुरै झर्ने गरी ।

≈ हिसाब टकटकी मिलाइयो ।

**टकराब**- ना. (टक्कर+आब) १. परस्परको टक्कर २. एक अर्का बीचको भिडन्त ।

≈ राम र श्याम ज्यादै मिल्ने साथी थिए , तर अहिले उनीहरूको टकराब परेको छ

**टिप्पणी**- तत्स .ना. (टिप्पण+ ई) १.कुनै व्यक्ति वा विषयका बारेमा गरिएको छोटो समीक्षा २. गहन अर्थ खुलाउन गरिएको व्याख्या ।

≈ विद्यालयमा रामले स्वास्थ्यको बारेमा टिप्पणी गर्‍यो ।

**टुँडाल**- ना.आ. घर बनाउदा गारामा टेकाई छड्के पारी राखिने पानी अड्याउने काठ ।

≈ सुन्दरी चोक टुँडालको कारण सुन्दर देखिन्छ ।

**टुकी**- ना.आ. मट्टितेलको बत्ति बाल्ने माटो टिन आदिको सानो भाँडो ,बत्ती बाल्ने डिविया, ढिब्री; कुपी ।

≈ हामीले टुकी बालेर भए पनि पढाइ गर्नु पर्दछ ।

**टुङ्गो** - ना. तत्स १. कुनै मुद्दा वा घरव्यवहारको समाप्ति २. कुनै कुराको निधो । ३. तोकिएको स्थान ।

≈ बल्ल आज कक्षाको मनिटरको टुङ्गो लाग्यो ।

( ठ )

**ठट्टा-** तत्स. ना. १. मन बहलाउन आपसमा जिस्किने वा जिस्काउने काम २. झुटो कुरोलाई पनि राम्रो बनाएर भन्ने चाल ३. उपहास ।

≈ वास्तविक कुरामा ठट्टा गर्नु राम्रो होइन ।

**ठन्डा-** वि. १. गरम वा तातो नभएको चिसो शीतल ना.२. चिसोपना जाडो सर्दी ३. गर्मी हटाउने हुने आनन्दीपन शीतलता ।

≈ मलाई गर्मी भन्दा ठन्डा मौसम नै मन पर्छ ।

**ठमिनु-** अक्रि. (ठम्याउ+इ+नु) १. चिनिनु २. पहिलिनु ।

≈ अध्यारोमा बल्ल उसको अनुहार ठमियो ।

**ठोकुवा-** वि.(ठोक्+उवा) १. किला ठोकेर बनाइएको । २. निधो गरिएको ना. ३. निर्णय पक्का पक्की ।

≈ आज पानी पर्छ भनेर उसले ठोकुवा गऱ्यो ।

**ठ्याक्क-** क्रि.वि. (ठ्याक्+क) १. ठिकसँग मिल्ने वा सुहाउने गरी २. ठक्कर लाग्दा आवाज आउने किसिमले ।

≈ रामले दराजमा गिलासहरू ठ्याक्क मिल्ने गरी राख्यो ।

(ड)

**डँढेलो** - ना. (डाँडो+ एलो) १. खर परालले घरको छानामा रहने मुसी, डाँडा, डढेलो २. चालेर बचेको खस्रो भुस ।

≈ मलाई रोटी पकाएपछिको डँढेलो मन पर्छ ।

**डँसाइ-** (डास+आइ) डस्ने काम वा किसिम ।

≈ सर्पको डँसाई निकै विषालु हुन्छ ।

**डङगुर-** वि. १. थुप्रै ,२ प्रशस्तै, धेरै । ना.२. थुप्रो रास

≈ म बाहिर निस्कदा बाटोमा डङगुरको थुप्रो थियो ।

**डाँडो-** ना. तत्स. १. पहाडको चुलिएको भाग । २. पहाडको पर्वतको चुचुरो ३. अग्लो र ठूलो डाँडो छ ।

≈ म बाटामा निस्कदा एउटा ठूलो डाँडो देखेँ ।

**डाँफे**- ना. नेपालको उत्तरी लेकतिर पाइने रङ्गी  चङ्गी प्वाँख भएका् सिउरदार सुन्दर जंगली पंक्षी ।

≈ हाम्रो देशको उत्तरतिर डाँफे पाइन्छ ।

**डाँवाडोल**- वि. (डग्मग+डोल) कुनै स्थिति वातावरण आदि एताउति भएर डग्मगाएको २. अस्थिर, जलमय ।

≈ असल सोँचे पनि र परिस्थिति डाँवाडोल भएपछि कसैको केहि लाग्दैन ।

**डिको**- ना. देवनागरी अक्षरका शिरमा तानिएको वा तानिने तेर्सो धर्को वा रेखा ।

≈ अक्षर लेख्दा डिको दिएर लेख ।

**डिब्बा**- ना. १. डब्बा २. बिर्को भएको सामान हाल्ने भाँडो ३. मानिस बस्ने रेलको कोठा वा डब्बा ।

≈ सामान राखेपछि डब्बाको बिर्को राम्रो सँग बन्द गर ।

**डिपोजिट**- ना. धरौटी ।

≈ उसले बैंकमा पाँच लाख डिपोजिट गऱ्यो ।

**डिल**- ना. १ बारीका कान्लाको शिरमाग वा खेतको आली । २.साथ सिमाना छुट्याउने भाग ।

≈ खेतको डिलमा घाँस उम्रेको छ ।

**ड्रामा**- आ.ना. नाटक; अभिनय २. रङ्गमञ्चमा प्रदर्शन हुने अभिनय ३. रेडियो तथा टि.भीबाट समेत प्रसारित हुने  अभिनय काव्य ।

≈ उसले पढ्न भन्दा टाउको दुखेको अभिनय गऱ्यो ।

**ड्वाम्म**- कि. वि. (ड्वाम+म) तीखो आवाज आउने गरी पछारिएर मुड्कीले हिर्काएको जस्तो आवाज आउने गरी ।

≈ राम सिँढीमा ड्वाम्म पछारियो ।

**(ढ)**

**ढँटुवा**- वि. (ढाँट+उवा) बोलिने ठिक्क पार्ने, तर  काम नगर्ने; ढाट कुरा गर्ने ।

≈ हरि ढँटुवा छ ।

**ढक**- तत्स. ना. तराजुमा सामान जोख्दा वजनको परिमाण थाहा पाउनका लागि राखिने फलाम, पित्तल आदिको ढिको ।

≈ पसलेले १ किलोको ढक राखी सामान जोख्यो ।

**ढाडस**- ना. आ. कसैलाई दुःख चिन्ता आदि पर्दा दिइने आस्वासन भरोसा ।

≈ मलाई पिर परेका बेला सीताले ढाडस दिन्छे ।

**ढिक** -वि. १. जिउडाल मोटो भएर पनि काम नगर्ने ; २.अल्छी ।२. अटेरी , जबरजस्ती ।

≈ कति चोटि अह्राउँदा पनि ऊ ढिक भएर बसेको छ ।

**ढिको**- ना. नफोरिएको तथा नधुलिएको डल्लो (उडा,नुनको ढिको ,हिउँको ढिको, असिनाको ढिको ।

≈ मलाई नुनको ढिको धन्दा धुलो मन पर्छ ।

**ढिपी**- ना. एकोहोरो जिद्दी, हठ दबाब, कुनै काममा लगाउने एकोहोरो दबाब ।

≈ उसले मलाई बजार जान ढिपी गऱ्यो ।

**ढिलो**- वि. अल्छी ;जुम्सो ;लोसो ।

≈ मनिषा ढिलो स्वाभावकी केटी हो ।

**ढुकुर**- ना. परेवाजस्तो आकारको तर केही सानो ; कुर्लेर घुर्ने एक प्रकारको चरो ।

≈ वनमा ढुकुर कुर्लदै छ ।

**ढुटो**- ना. चामल केलाउँदा छानिएको मसिनु, भुसको धूलो ।

≈ चामल कुटेपछि ढुटो बन्छ ।

**ढुसी**- ना. १. ढुसी २. चिसो तथा ओसलाग्दा भुइँमा वा कुनै वस्तुमा देखिने झुस जस्तो वस्तु ।

≈ धेरै दिन झ्यालढोका बन्द हुँदा ढुसी परेछ ।

**ढोसे**- वि. (<ढोसो+ए) मोटो, चाक्लो, रोटी ।

≈ आज मैले ढोसे खाए ।

**ढ्याब्रो**- वि. नसुहाउदो किसिमको ठूलो ;बेहाँटको ।

≈ सीताको भाइ ढ्याब्रो छ ।

**ढ्वाङ**- ना. १.टिनको ठूलो ,डोलो र गहिरो भाँडो २. चिठी मतपत्र ३. ठूलो माइक ।

≈ ढ्वाङ्मा चिठी खसालियो ।

**ढ्वार्र**- क्रि. वि. अलिवेर ठूलो शब्द निस्कने गरी आउने आवाज

≈ उसले ढोका ढ्वार्र गर्दै उघार्‍यो ।

(त)

**तँछाडमछाड**- ना. (तछाड्+मछाड्) एक अर्काकाबीच प्रतिस्पर्धाको स्थिति ।

≈ सीता, गीता बीच प्रथम हुनेमा तँछाडमछाड भयो ।

**तक**- ना.आ. समय; घटना; स्थान; सम्म; पर्यन्त

≈ कपिल हिजो तक त ठीकै थियो त ।

**तक्मा**- ना.आ. कुनै विशेष सेवा;योग्यता, क्षमता; आदिको लागि दिइने पदक ।

≈ मैले पुरस्कारका रूपमा पाएको तक्मा भाइले हराएछ ।

**तगारो**- ना.१. घरको भित्र गाईवस्तु पस्न नदिन बाँस तेर्स्याएर बन्द गरिने एक प्रकारको बार । २ अवरोध; बाधकतत्व ।

≈ गरिबहरूका लागि आर्थिक पाटो तगारो हो ।

**तट**- ना तत्स. नदी;समुद्र आदिको किनार ।

≈ नदीको तटमा बसेर उनीहरू शीतल हावा खाँदै छन् ।

**तटस्थ**- वि तत्स. (तट+स्थ) १ मध्यस्थ वा बीचमा रहने

≈ सीता कसैका कुरा नसुनी सधैं तटस्थ रहिरहन्छिन ।

**तड्के**- वि.(तड्क+ए) १.एक्लै फटाफट हिड्ँने बानी भएको २.अरूको रायमा पनि नमिल्ने ।

≈ उसको बानी त तड्के पो रहेछ ।

**तत्सम**- वि.तत्स. (तत्स+म) त्यो सामान वा त्यो जस्तो पहिले थियो त्यस्तो तत्समान । २. संस्कृतबाट स्वरूप नफेरिई झिकिएका शब्द ।

≈ दीक्षा तत्सम शब्द हो ।

**तन्दुरूस्त** - वि. आ. १. शरिरमा कुनै रोगव्याधि नभएको , निरोगी २. कमजोरी नभएको ३. ठीकठाक; तयार ।

≈ मानिस सधैं तन्दुरूस्त बन्न सिक्नुपर्छ ।

**तथ्य-** वि. स. (तथा+अ) १. सत्य कुरामा आधारित, वास्तविक २. साँचो ;चुरो ३. तथ्याकं

तरूण- ना.(तत्स.) युवा अवस्थाको व्यक्ति, युवक; तरूनी तन्देरी ।

≈ बाबुराम तरूनो छ ।

**तर्क-** ना. तत्स. १. कुने कामलाई पुष्टि गर्नका लागि भनिने युक्तिपूर्ण कथन ।

≈ कसैको विचारको खण्डन । उसले मेरो प्रश्नमाथि तर्क गऱ्यो ।

**तापक्रम**-ना.१. उष्णता वा तातोपन २. थर्मोमिटरद्धारा हेरिने तापको परिणाम ।

≈ हामीले आफ्नो शरिरको तापक्रम सन्तुलन राख्न सक्नुपर्छ ।

**तामा** -ना. १. बाँसको कलिलो टुसो , २.बाँसका टुसालाई अमिल्याइएको एक प्रकारको तरकारी ।

≈ मैले आलुतामा खाए ।

**तामेल**-आ. ना. १. कुनै कार्यको समाप्ति टुङ्गो २. कार्यन्वयन पालन ।

≈ उनले तिम्रो आज्ञा तामेल गरे ।

**तार-** तत्स ना. १. धातुको मसिनो डोरो २. दूरसञ्चारका माध्यमले आउने खबर ।

≈ उसँग मेरो आज तार भयो ।

**तरिका-** तत्स. (तारा+इका) ना.१. उपाय २. बाटो ।

≈ उसले मलाई नाच्ने तारिका सिकायो ।

**तारिख-** फा. ना. १ अड्डा अदालतबाट झगडिया वा निजको वारिसलाई हाजिर हुन आउन भनी लेखिदिएको मिति; दिन ३.तोकिएको समय ।

≈ अदालतले उसलाई हाजिर हुन तारिख दियो ।

**तारो**- तत्स (ताख+ओ) ना.१. गोली ,वाण आदिले ताकिने निसाना ।

≈ सिपाहीहरू तारो हान्ने काम गर्दछन् ।

**तिरस्कार**- तत्स. ना. कसैलाई मन नपराई गरिने हेला वा अपमान, बेवास्ता, अपमान, उपेक्षा ।

≈ उसले मलाई तिरस्कार गऱ्यो ।

**तिरो**- (तिर+ओ) ना. १. सरकारलाई बुझाउनुपर्ने जग्गाको कर ।

≈ उसले खेतबारीको तिरो तिरेर रसिद लियो ।

**तीर्थालु**- तत्स. (तीर्थ+आलु) तीर्थको भ्रमणमा जाने व्यक्ति, तीर्थयात्री ।

≈ हामीले तीर्थालुहरूलाई सम्मान गर्नुपर्छ ।

**तीव्र**- वि.तत्स १.धेरै छिटो वा असाध्य , चाँडो, बेगिलो २. ज्यादै कडा वा चर्को २. प्रसर,तिवखर तीक्ष्ण ।

≈ उसको पढाइ प्रति तिव्र इच्छा छ ।

**तोप**- आ.ना. ठूलो नालबाट गोला हानिने दुई पाङग्रा जोडिएको एक प्रकारको पुरानो अस्त्र ।

≈ राजकीय अतिथिलाई तोपको सलामी दिइयो ।

**त्रास** -तत्स. ना. १. डर, मय २. झस्को, आशङ्का ।

≈ उसलाई न कसैको त्रास छ । न कसैको आस छ ।

**त्रिवेणी**- तत्स. (त्रि+वेणी) ना.तीन नदीको सङ्गम ।

≈ ऊ त्रिवेणी नुहाउन जान्छ ।

**त्रुटी**-तत्स. ना. (त्रुट+ई) १. गल्ती २. दोष ३. कमजोरी ,अशुद्धि ।

≈ हामीले कुनै पनि बेला त्रुटी गर्नु हुँदैन ।

**त्रैमासिक**- वि. तत्स. (त्रिमास+इक) तीन महिनामा हुने, २. तीन महिने ।

≈ विद्यालयमा त्रैमासिक परीक्षा हुन्छ ।

**त्रैलोक्य**- ना. तत्स. (त्रिलोक+इय) त्रिलोक सम्बन्धी जानकारी भएको ।

शिव भगवान त्रेलाक्य थिए ।

**(थ)**

**थकान**- (थाक+आन) १. थाकेको अवस्था, २. थकाई ।

≈ दिनभरीको थकानले गर्दा म बेलुका चाडै सुते ।

**थपडी**- ना. हातका दुई पञ्जालाई एक आपसमा ठोक्काएर निकालिएको ताली; आवाज ।

≈ उसले थपडी लगायो ।

**थलचर**- ना. जमिनमा रहने प्राणी ।

≈ मानिस थलचर प्राणी हो ।

**थात**- ना. १. बासस्थान , २. बसेको ठाउँ , ३. बसाईको निश्चित ठाउँ ।

≈ हामीले असल थात खोज्नुपर्छ ।

**थाती** -ना. (थात+ई) १.स्थगन; बाँकी २. धरौटी; धितो ३. रोक्का ४. पछिलाई साँची राख्ने काम ।

≈ असल काम गर्न पछि गरौला भनि थाती राख्नुहुँदैन ।

**थाना**- ना.आ. (थान+आ) १. प्रहरीको कार्यालय चौकीभन्दा माथिल्लो तहको निकाय; २. कार्यलय थाना ।

≈ हामी हामीलाई आपत परेमा न्याय खोज्न थानामा जाने गर्छौं ।

**द्रष्टा**- ना. तत्स. (दृश+टा) १ दर्शक २. ज्ञाता. ३ विज्ञ ३. साक्षी ।

≈ द्रष्टाले स्रष्टालाई चिनाउँछ ।

**दक्ष**- वि. तत्स. १. योग्य ; कुनै काम गर्न जान्ने । २.विशेषज्ञ; विज्ञ,

≈ राम दक्ष व्यक्ति हो ।

**दक्षिणा**- ना. तत्स. (दक्षिण+आ) १.यज्ञ, पूजाआजा, श्राद्ध आदि । देव पितृकार्यमा कार्य पूरा भएपछि ब्राहमणलाई द्रव्य आदिका रूपमा दिइने धन २. अरू स्त्रीसँग सम्बन्ध राख्ने नायकलाई प्रेम गर्ने चतुर नायिका । ३. दक्षिणा दिशा

≈ बाबाले श्राद्धमा पुजारीलाई दक्षिणा दिनु भयो ।

**दखल** -ना.आ.१ कव्जा; अधिकार; विजय; सर; दख्खल २. निपुणता , कौशल ।

≈ राम पढ्नमा निकै दखल छ ।

**दण्डी**- वि. तत्स. (दण्ड+ई) १. हातमा दण्ड वा लट्ठी लिने दण्डधर; २. सन्यासीको सम्प्रदाय ।

≈ उसले दण्डीले साथीलाई हान्यो ।

**दलहन**-आ. (<दाल+हन्) ना. दाल जातका अनाको समूह, गेडागुडी आदि ।

≈ किसानहरू मुख्य अन्नबाली सँगै दलहनको पनि खेती गर्छन् ।

**दलित**- वि.तत्स. (दल्+इत) १. अर्काको थिचो मिचोमा परेको २. थिचिएको , किचिएको ।

≈ राम दलित व्यक्ति हो ।

**दशमलव**- ना. तत्स. (दशम+लव) १. कुनै एकाइको दशौं वा सयौं भाग वा खण्ड जनाउने संख्याको पछाडि आउने विन्दु ।

**दशा**- तत्स. ना. १ विपत्तिको समय; कुठिन; अनिष्टको बेला २. नराम्रो दिन लागेको बेला ।

≈ रामका दशा लागेका छन् ।

**दृष्कर्म**- ना. (दुस+कर्म) १ खराब काम; २.पापी;

≈ हामीले दुष्कर्म गर्नुहुदैन ।

**दूत्**- तत्स. ना. १. एक ठाउँबाट अर्को ठाउँमा जानकारी लैजाने व्यक्ति २. जासुस ; गुप्तचर ।

≈ ऊ दूत बनेर त्यहाँ गएको छ ।

**दूरदर्शन**- ना. तत्स.(दूर+दर्शन) टाढाको बस्तु हेर्ने वा देखाउने वस्तु टेलिभिजन, टाढाको दृश्यको अवलोकन वा हेर्ने काम ।

≈ आज दूरदर्शन यन्त्रले पहाडको अवलोकन गरियो ।

**दृढविश्वास**- ना. तत्स. (दृढ+विश्वास) बलियो अटल विश्वास ।

≈ उसले काममा धोका दिदैन भन्ने मलाई दृढविश्वास छ ।

**दृष्टिभ्रम**- ना. तत्स. (दृष्टि+भ्रम)१ हेराइ तथा सोचाइमा हुने भुल; भ्रम ; अन्यौल २. आँखा तिरमिर हुँदाको स्थिति ।

≈ घामले गर्दा म दृष्टि भ्रममा परे ।

**दृष्टिविहिन**- वि. तत्स. (दृष्टि +विहिन)१. आँखाको ज्योति नभएको वा देख्न नसक्ने २. देख्न नसक्ने व्यक्ति ;अन्धो ।

≈ हामीले दृष्टिविहिनहरूलाई हेला गर्नुहुदैन ।

**देउराली**- ना. (<देउ+राली) १. पहाडको उकालो बाटो सकिने ठाउँमा बनाइएको थुम्को ।

≈ पहाडको थुम्की देउरालीमा बसेर उनीहरूले एकछिन् थकाइ मारे ।

**देखासिकी**- ना. (देखा+सिकी+ई) अर्काले गरेको कामको नक्कल , सिको; अनुकरण ।

≈ देखासिकी गर्दागर्दै ऊ पनि जान्ने भयो ।

**देवर्षि**- ना. तत्स. (देव+ऋषि) देवताका ऋषि; देवता समानका ऋषि ।

≈ देवर्षिलाई मर्यादा गर्नुपर्छ ।

**देश**- ना. तत्स. (<दिश) १. राज्य; राष्ट्र; मुलुक । २. पृथ्वीको कुनै भाग प्रदेश, ठाउँ; स्थान ।

≈ ऊ यहाँ छैन, देश गएको छ ।

**देहत्याग**- तत्स. (देह+त्याग) भौतिक शरिरको त्याग; मृत्यु ।

≈ उसले देह त्याग गऱ्यो ।

**दैवज्ञ**- ना. तत्स. (<देव+ज्ञ) ज्योतिषी ।

≈ भोलि पानी पर्ने कुरा दैवज्ञले गरेका छन् ।

**दोधार**- ना. (दुई+धार.) १ हतियार ,नदी आदिको बीचको भाग २. यो गरौं कि उ गरौं भन्ने भाव ३. अनिर्वाय ।

≈ राम दोधारमा पऱ्यो ।

**दोष**- ना. तत्स. (<दूष) १. कुनै व्यक्ति वस्तुमा हुने कमि। २. कसैका विरूद्ध लगाइएको लान्छना ३. कसुर; अपराध ४. दाग; कलंक ;खोट ५. अशुद्धि ; त्रुटि ।

≈ सरीता एक असल केटी हो तर उसलाई चोरीको दोष लागेको छ ।

**दौड**- ना. दौड्ने काम ; दौडाइ; दौडेर खेलिने खेल; गति ; वेग ।

≈ रामले ५०० मि. को दौड जित्यो ।

**दौरा**- आ. (दौर+आ) ना. दायाँबायाँ कल्ली गाँसेर घुमाउरो फेर पारिएको ; चारैतर्फ तुना बाधिने नेपालको राष्ट्रिय पोशाक ।

≈ सविनले दौरा, सुरूवाल र कोट लगाएर अफिस गयो ।

**दौलत**- ना. आ. १. धनमाल; सम्पत्ति ; रूपिया; पैसा २. अमूल्य वस्तु रत्न आदि ।

≈ दौलतले भरिपूर्ण मानिसहरू घमण्डी हुन्छन् ।

**द्रव्य**- ना. तत्स. (दृश+ता)१. कुनै कार्य ; घटना दृश्य देख्ने ; तथा हेर्ने व्यक्ति । २. थाहा पाउने ३. साक्षी ४. समाक्षक; भावक ।

≈ हरि साहित्यको स्रष्टा हो ।

**द्रुम**- ना. तत्स.१. रूख; वृक्ष; बोट । २. परिजात ३. कुवेर ।

≈ वसन्त ऋतुमा द्रुमले वन रमाइलो हुन्छ ।

( **ध** )

**धक**- ना. डर लाज; सङ्कोच आदिबाट मनमा पैदा हुने भाव;

≈ उनले मेरो अगाडि आएर बोल्न निकै धक मानिन् ।

**धम्की**- ना. १. डर देखाउने काम २. ना. हृदय रोग ।

≈ हामी कसैको धम्कीमा फस्नु हुँदैन ।

**धरालत**- तत्स. (धरा+तल) ना. १. पृथ्वीको माथिल्लो तह; सतह । २. आफुले टेकेको जमिन ३. कुनै कुराको पृष्ठभूमि; आधार जग धरालतीय स्वरूपका आधारमा

≈ नेपाललाई ३ क्षेत्रमा बाँडिएको छ ।

**धर्म**- ना. तत्स. १ मानिसहरूले मानि आएको परम्परागत विश्वास । २. मरेपछि पनि भलो हुन्छ भन्ने विश्वासले गरिने कर्म ।

≈ हीरा सधैं धर्म  गर्न मन्दिर जान्छिन् ।

**धर्मशास्त्र**- ना. तत्स. (धर्म+शास्त्र) धर्मकर्म र सदाचारबारे वर्णन गरिएको ग्रन्थ; पुस्तक

≈असल विचारले मानिस अगाडि बढ्छ भनेर धर्मशास्त्रमा पनि वर्णन गरिएको छ ।

**धाई**- ना. बालकलाई दुध खुवाउने स्त्री; सुसारे ; धाईआमा ।

≈ उसले शिशुका लागि घरमा धाई राखेको छ ।

**धातु** - ना.तत्स. सुन, चाँदी ; तामा ; फलाम आदि,  दवण शक्ति खनिज पर्दाथ , द्रव्य ।

≈ उनले धातुको चुरा लगाएकी छन् ।

**धामा**- ना. १. कठोर परिश्रम वा मिहिनेत २. ठूलो समस्या  वा कठिनाइ ।

≈ उनले असाध्यैं धामा गरेर आफ्नो लक्ष्यमा पुगिन् ।

**धारा**- ना. १. निरन्तर रूपमा  चलिरहेको क्रम ; सिलसिला २. संविधान ; ऐन ; नियम; आदिको अनुच्छेद ; दफा ।

≈ नेपालको संविधानमा धारा , उपधारा छन् ।

**धीर**- वि तत्स. १. विपत्तिमा नआत्तिने तथा सुख सुविधाले नमात्तिने धैर्यवान, स्थिर , २. गम्भिर,सहनशील

≈ दुःख पर्दा पनि उ धीर भएर बस्न सक्छ ।

**धुकधकी**- ना. (धुकधुक+ई) १. धुकधुकाउने काम ; धुकचुक ,धरमर २. सन्देह , शङका ।

≈ उसका कुराले मेरो धुकधुकी बढ्यो ।

**धुन**- ना १. गीत गाउँको लय वा सुर , सङ्गीतको स्वर २. कुनै काममा एकाग्र भइ लाग्ने बानी ४. निरन्तर लागि पर्ने ।

≈ ऊ आफ्नै धुनमा काम गर्छ ।

**धुलो** - ना. १ माटाको मसिनो कण ;चूर्ण ; छारो २. बुरबुर फुक्ने बस्तु ।

≈ उसले मेरो आँखाको धुलो निकालिदियो ।

(**न**)

**नतमस्तक**- वि. तत्स. (नत+मस्त) १. आदर वा सङ्कोचले शिर निहुराएको २. अपमान हुँदा शिर झुकेको ३. विनम्र ।

≈ म मेरो गल्ति पाएपछि नतमस्तक भए ।

**नर्स**- ना. आ. अस्पतालमा बिरामीको हेरचाह गर्ने स्त्री; परिचारिका ।

≈ अस्पपतालमा नर्सहरूले बिरामीको सेवा गर्छन् ।

**नविन्** - वि. तत्स. (नव+इन) नयाँ,नौलो ,योजना; नविन कार्य ।

≈ वसन्तमा फूलमा नबिनता नाच्दछ ।

**नासिका**- ना. तत्स. नाक ।

≈ रुघा लाग्दा नासिकादेखि सिँगान आउँछ ।

**निगालो**- ना. लट्ठी; कलम आदि बनाउने एक जातको सानो खालको बाँस ।

≈ मैले निगालो बनमा चराको गुँड देखेँ ।

**निर्णय**- ना.तत्स. (<निर+नय) १. छलफल बाट निस्केको कुरा, निधो २. न्यायालमेल दिने फैसला ।

≈ आज गाँउमा कुलो खन्ने निर्णय भयो ।

(**प**)

**पटुका**- ना. १. कम्मरमा बाँधिने लामो कपडा २. वरिपरि एक प्रकारको घेरो ।

≈ सीताले पटुकाले कम्मरमा बाँधेर काम गर्छे ।

**पत्तो**- ना. (पत्ता+ओ) पत्ता लगाउने काम

≈ दही खाएको आमाले पत्तो पाउनु भयो ।

**पत्नी**- ना. तत्स. विधिपूर्व विवाह गरेर ल्याइएकी स्त्री; स्वास्नी ,माया ।

≈ रामेकी पत्नी गीता हो ।

**परीक्षाफल**- ना. परीक्षाको परिणाम, नतिजा, फल

≈ आज प्रवेशिकाको परीक्षाफल निस्कियो ।

**पश्चात**- क्रियो. तत्स. (<पश्च+आत) १. कुनै काम सकिएपछि २.पछि

≈ म खाए पश्चात सुत्छु ।

**पाउ**- ना. १. गोडा, खुट्टा, चरण २. श्लोकको हरफ वा चरण ३. चार भागको एक भाग ।

≈ मेरो पाउमा आज काटेको छ ।

**पाखा**- ना.तत्स. १. मकै भटमास आदि हुने पाखो जग्गा २. पानी नलाग्ने भिरालो परेको बारी ।

≈ पहाडी पाखामा मकै रोप्दछन् ।

**पेयपदार्थ**- ना. तत्स. १. पिउन सकिने ; पिउन हुने लायकको २. पिउने (पानी आदि तरल) पदार्थ ।

≈ पेयपदार्थ स्वास्थ्यका लागि हानीकारक हुन्छ ।

**पोसिलो**- वि.तत्स. (पोस+इलो) शरीरलाई ह्रस्टपुष्ट बनाउने मोटो बलियो बनाउने ;तागत दिने; पौष्टिक ।

≈ सुत्केरी महिलालाई पोसिलो खानेकुरा दिनुपर्दछ ।

**पौरख**- ना.तत्स. १. पौरूष; पुरूषार्थ २. कमाइ; आर्जन ।

≈ हामी आफ्नो पौरखमा बाँच्न सक्नु पर्दछ ।

**प्रकोप**- ना.तत्स. (प्र+कोप) १.कुनै महामारी, रोग आदिको प्रवलता २. शरीरमा पैदा हुने पित्त आदिको विकास ३. क्रोधको प्रवलता ।

≈ प्रकोपको बेला ज्यान जोगाउनु पनि बुद्धिमानी हुन्छ ।

**प्रणेता-** वि. तत्स. (<प्र+नेता) १. पुस्तक लेख्ने व्यक्ति २. कुनै वस्तु वा कुरा बनाउने व्यक्ति ३. कुनै सिद्धान्त वा मतको प्रवर्तक ; आविष्कारक ।

≈ स्वच्छन्दवादका प्रणेता लक्ष्मीप्रसाद देवकोटा हुन् ।

**प्रतिकूल-** वि. तत्स. (प्रति+कूल) २.आफ्नो सोचाइ चाहना विपरित २.विरोधी ।

≈ मौसम प्रतिकूल हुनाले मलाई ज्वरो आयो ।

**प्रतिज्ञा** -ना. तत्स. (प्रति+ज्ञा) १.कुनै काम पूरा गर्न गरिने सङ्कल्प २. कबुल, कसम, सपथ, वाचा ।

≈ हामी सधैँ राम्रो काम गर्ने प्रतिज्ञा लिनु पर्दछ ।

**प्रतिमूर्ति-** ना.तत्स. (प्रति+मूर्ति)१. कुनै वस्तु वा व्यक्तिको आकृतिको अनुकृति २. प्रतिभा ।

≈ आज ढुङ्गामा सर्पको प्रतिमूर्ति देखियो ।

**प्रतीक-** ना.तत्स. (प्रति+क) १. खास विषय दृश्य आदिलाई जनाउने अर्को वस्तु, चिनो २. निसाना ३. प्रतिमा; चित्रमूर्ति आदि ।

≈ परेवा शान्तिको प्रतिक हो ।

**प्रयत्नशील-** वि.तत्सं (प्रयत्न+शील) १. प्रयासमा लागेको प्रयासरत २. उद्यमी, उद्यागी ।

≈ हरि आफ्नो कार्यमा प्रयत्नशील रहन्छ ।

(**फ**)

**फकाउनु-** सकि. (फकाउ+नु) १. कसैलाई विभिन्न उपायले मनाउनु २. सम्झाइबुझाई शान्त पार्नु ३. कुनै कुराको लोभ देखाइ वंशमा पार्नु ४. मोहित पार्नु ।

≈ मौसमीले बादललाई घुम्न जान भनेर फकाई ।

**फटाहा-** ना. (फट्+आहा) मानिसहरूका बीचमा फाटो ल्याउने; अरूलाई झुक्याउने व्यक्ति ।

≈ कृष्ण गाउँको एक फटाहा व्यक्ति हो ।

**फत्ते-** ना. आ. १.काम सिद्ध भएको स्थिति सफलता २. जित; विजय ।

≈ मैले गृहकार्य सकेर फत्ते गरेँ ।

**फिरन्ता** - वि.आ.(फिरन्त+आ) १. घुमफिर गरिरहने, एकठाउँ नबस्ने, डुलुवा, घुमन्ता ।

≈ भक्तजनहरू पर्यटक त होइनन् तर फिरन्ता भनेर भन्नु पनि हुँदैन ।

**फुक्का**- वि. (फुक्+आ) १. बन्धन तोडिएको; मुक्त ।

≈ एउटा चोर आज जेलबाट फुक्का भएँ भनेर नाच्दै थियो ।

**(ब)**

**बगान**- ना. (बाग्+आन्) चिया खेती लगाएको चियाबारी ।

≈ हामी इलामको बगान देखेर छक्क पऱ्यौं ।

**बचन**- ना. तत्स. १. वचन; बोली  २. प्रतिज्ञा ; सङ्कल्प ३. बाचा ।

≈ तिमीले बचन दिएर पनि मलाई धोका दियौं ।

**बन्धन**- ना. तत्स. (बन्ध+अन) १. बन्धन भएको २. बाँध्ने साधन, डोरी ३. कोष्ठक ।

≈ दिदीले भाइलाई गल्ती गर्दा एउटा बन्धनले बाँध्नु भयो ।

**बयेली**- ना. १. धान,गहुँ आदिको वोटमा हावा चल्ला देखिने लहर २. सिरसिर हावा ।

≈ भदौ महिनामा खेतमा बयेली खेल्दा मनै लोभ्याउँछ ।

**बिगबिगी**- ना. (बिगबिग+ई) आशङ्का, भय आदिले जताततै मडारिएको स्थिति ।

≈ आजकाल गाउँमा चोरको बिगबिगी छ ।

**बिगार**- ना. तत्स. १. नराम्रा कुरातीर भएको परिवर्तन; नाश; हानि; २. टुनामुना मोहिनी आदिबाट उत्पन्न भएको रोग ।

≈ रामप्रसादकी आमालाई बिगार पर्दा बिरामी परिन ।

**(भ)**

**भलो**- वि. आ. १. असल, भलाइ हुने, हितकारी २. सज्जन, भद्र ३. हित, कल्याण ।

≈ तिम्रो लागि भलो नहोस् भनेर कस्ले पो भन्छ र ।

**भाषण**- ना. तत्स. (भाष+अन्) श्रोताहरूको समूहमा उभिई समसामयिक  विषयमा गरिने मौखिक व्याख्यान लामो प्रवचन ।

≈ गाउँमा हिजो नेताले भाषण गरे ।

**भिक्षा**- ना. तत्स. (भिक्ष+आ) १. मागेर पाएको अन्न वा खानेकुरा २. माग्ने काम; याचना ।

≈ भिक्षुलाई भिक्षा दिनु उत्तम कार्य हो ।

**भिटामिन**- ना. आ. विभिन्न खानेकुरामा पाइने तागतदार वस्तु शरिरलाई रोगबाट बचाउने तत्व, औषधी, पोषणतत्त्ब ।

≈ साना बच्चालाई भिटामिन ए खुवाउनु पर्दछ ।

**भूमिका**- ना. तत्स. (भूमि+क+आ) -कुनै ग्रन्थका सम्बन्धमा ज्ञातव्य कुरा लेखिएको प्रस्तावना २.कुनै कुरा प्रस्तुत गर्नुभन्दा पहिले उठाउने प्रसङ्ग ३. योगदान ४. कार्य ५. रचना

≈ पढ्ने कुरामा अभिभावक र शिक्षकको समान भूमिका रहन्छ ।

**भेष**- ना. तत्स. पहिरन, लवाइ, परिधान; आकृति; रूप

≈ रामले नाटक देखाउँदा रावणको भेष धारण गऱ्यो ।

**(म)**

**महात्मा**- ना.तत्स. १. महान आत्मा भएको व्यक्ति २. साधुसन्त ३. सन्यासी ४. महापुरूष आदि ।

≈ आज हाम्रो गाउँमा एक महात्मा आएका छन् ।

**मूल्यवान** -वि.तत्सं. (मूल्य+वान) १. धेरै मूल्य भएको २. महत्वको ३. उपयोगी ।

≈ यो किताब त धेरै मूल्यवान् जस्तो पो छ त ।

**(य)**

**यर्थाथवादी**- वि.तत्स. (यथार्यवाद+ई) १. यथार्थमा विश्वास गर्ने २. देखेको कुरा वास्तविक मान्ने ।

≈ गोपालप्रसाद रिमाल यर्थाथवादी कवि हुन् ।

**यथावत**- वि. तत्स. (यथा+वत) १. पहिले जस्तो थियो त्यस्तै २. पहिले भएअनुसार, उही

≈ तिमीले राखेको प्रसाद अहिलेसम्म पनि यथावत् नै छ ।

**योग्य**- वि.तत्स. (युज्+य) १. राम्रो सीप वा क्षमता भएको ,योग्यता हुने २. जान्ने, सिपालु ।

≈ योग्य वस्तुको बयान गर्नु त्यति आवश्यक पर्दैन ।

**(र)**

**रश्मि**- ना.तत्सं १. सूर्यको किरण; प्रकाश; चमक ।

≈ बिहानी रश्मि सँगै बगानको सयर अति आनन्ददायी हुन्छ ।

**राजसिंहासन**- ना. तत्सं. (राजा+सिंहासन) १. राजतन्त्रात्मक मुलुकमा कुनै विशेष अवसरमा राजा बस्ने आसन, राजगद्दी ।

≈ राजा बस्ने आसनलाई राजसिंहासन भनिन्छ ।

**राजसी**- ना. तत्स. १. राजाहरूलाई सुहाउने २. रजोगुण सम्बन्धी, रजोगुणको ।

≈ मलाई राजसी कुराको बारेमा मामाले बताउनु भयो ।

**रास**- ना. चाङ, थुप्रो, ।

≈ धानको रास देख्दा मनै फुरूङ्ग भयो ।

**रूचि**- ना. तत्स. (रूच+ई) १. खाने इच्छा २. स्वाद, भोक, ३. चाहना, चाख ।

≈ राम्रा राम्रा किताबप्रति श्यामको रूचि छ ।

**रूपैयाँ**- ना. १. सय पैसा बराबरको सिक्का वा नोट २. धनसम्पत्ति ।

≈ पाँच सयको नोटमा बाघको चित्र हुन्छ ।

(ल)

**लक्ष्य**- ना. (लक्ष+य) १. हासिल गर्नु वा प्राप्त गर्नुपर्ने कुरा, जानुपर्ने ठाउँ २. गोलो ताकिने ठाउँ ।

≈ मेरो देशकोसेवा गर्ने लक्ष्य रहेको छ ।

**लटरम्म**- अ.मू. क्रियो. फलफूलले बोटविरूवा नै ढाक्ने गरी; भरेली ।

≈ आँपको बोटमा लटरम्म आँप फलेको छ ।

**लतिका**- ना. तत्स. (लता+इका) सानो टहरो लता २. मोतिको लुङ् ।

≈ मधु वन लतिकाले गर्दा अत्यन्त सुन्दर देखिएको छ ।

**लप्टन**- ना. आ. १. जङगी सेवातर्फ कप्तानदेखि मुनिको एक सैनिक पद; उपसेनानी ।

≈ गोपाल लप्टन पदमा नियुक्त भयो ।

**लहरो**- ना. (लहर+ओ) १. रूख थाकी आदिमा बेरिएर वा जेलिएर फैलने वनस्पति; अर्काको सहारा लिईबढ्ने वनस्पति ।

≈ मैले लहराले घाँसको मुठो बाँधेँ ।

**लाभान्वित**- वि. तत्स. लाभको सुविधा पाएको; सुविधा पाएको ; सुविधा योगी ।

≈ गाउँमा पानी आएपछि गाउँका मानिसहरू लाभान्वित भए ।

**लालसा**- ना. तत्स. १. कुनै वस्तु पाउने तिव्र तीव्र इच्छा; लालचा २.अतिलोभ;

≈ हामीले आफ्नो मात्र लालासा राखेर काम गर्नु हुँदैन ।

(**व**)

**वक्षस्थल**- ना. तत्स. (वक्ष+स्थल) छात्ती

≈ ओखलढुङ्गाको चित्र सिद्धिचरणको वक्षस्थलमा खिचिएको छ ।

**वसन्त**- ना. तत्स. ६ ऋतुमध्ये एक ऋतु, चैत र वैशाख महिनामा पर्ने समय ।

≈ वसन्त ऋतुमा पालुवा पलाउँछन् ।

**वाणी** - ना. तत्स. (वाण्+ई) १. मुखबाट निस्कने बोली; भाषा २. प्रतिष्ठित व्यक्तिको बोली आदर्श कथन ।

≈ बुद्धका असल वाणीले सधैँ सकारात्मक बाटो देखाउँछन् ।

**विभेद**- ना. तत्स. (वि+भेद) १. आपसी भिन्नता २. फरक, अन्तर ।

≈ हामीले साना ठूला कसैलाई पनि विभेद गर्नु हुँदैन ।

**विशेषज्ञ**- ना. तत्स. (वि+शेष्+अक) कुनै विषयमा विशेष दक्षता भएको व्यक्ति ,विज, बेत्ता

≈ भाषाका विशेषज्ञले भाषाको विकास गर्दछन् ।

(**श**)

**शक्ति**- ना. तत्स. (शक्+ति) १.व्यक्ति, प्राणीमा हुने क्षमता, सामार्थ्य , बल ।

≈ बुद्धिको अगाडि शक्ति टिक्देन भनेको सत्य कुरा हो ।

**शताव्दी** - ना. तत्स. (शत्+अब्द+ई ) सय वर्षको अवधि; सय वर्ष ।

≈ नेपाल अहिले वि. सं. अनुसार एक्काइसौँ शताब्दीमा चल्दै छ ।

**शत्रु**- ना. तत्स. १. कसैको अहित गर्ने व्यक्ति २. दुस्मन; वैरी ,रिपु ।

≈ शत्रुका अगाडि कहिल्यै पनि घुँडा टेक्नु हुँदैन ।

**शब्द**- ना. तत्स. १. अनुभूत लाई व्यक्त गरिने वर्णनात्मक तथा ध्वनात्मक ध्वनि; आवाज वा वर्ण समूहबाट बनेको कुनै अर्थ ।

≈ नेपालीमा लेखिएका शब्दहरू विभिन्न प्रकारका हुन्छन् ।

**शल्यक्रिया**- ना. चिरफारद्धारा शारीरिक उपचार गरी ठिक पार्ने काम ; शल्यचिकित्सा ।

≈ शल्यक्रिया पछि कुमारको रोग निको भयो ।

**शाकुन्तल** - वि.तत्स. १. शकुन्तला सम्बन्धी, शकुन्तलाको २. शाकुन्तल महाकाव्य ।

≈ शाकुन्तल महाकाव्यका लेखक लक्ष्मीप्रसाद देवकोटा हुन् ।

**शावक**- ना. तत्स. (शाव+क) मृग आदि पशुको सानो बच्चो ; मृगको पाठो ।

≈ जङ्गलमा मृग शावकहरू चरेको देख्दा अत्यन्त रमाइलो लाग्छ ।

**शिक्षा**- ना. तत्स. (शिक्ष+ आ) १. देखेर;सुनेर पढेर आदिबाट प्राप्त हुने ज्ञान २. विद्यालय महाविद्यालयबाट प्राप्त हुने शिक्षा ५.अर्ती; उपदेश; सन्देश ।

≈ शिक्षाले नै जीवनलाई परिवर्तन गर्दछ ।

**शोभा**- ना. तत्स. (शुभ+आ) १. वस्तुमा हुने चमक, प्रकाश २.सौन्दर्य ३. अलङ्कार, गहना

≈ प्रतीकहरूले कवितालाई शोभा प्रदान गर्दछन् ।

**श्रम**- ना. तत्स. १. कुनै वस्तु उत्पादन गर्दा वा केही काम गर्दा पर्ने शारीरिक शक्ति, मिहिनेत; परिश्रम २. कसरत ,व्यायाम ।

≈ श्रम गर्नेहरूको जीवन सफल हुन्छ ।

**(ष)**

**षड्यन्त्र**- ना. तत्स. कसैको अहित वा अनिष्ट गर्न गरिने जालजेल ।

≈ रमेशले मेरो विरूद्ध षडयन्त्र गर्दैछ रे ।

**(स)**

**सङ्गिनी**- ना. (सङ्गी+इनी) सँगिनी,साथी ,मित्र ।

≈ हिरादेवीका सङ्गिनीहरू असल छन् ।

**सङ्गीत**-ना. तत्स. १. विशेषत; लय, ताल र वाधवादनका साथ गाइने गीत; स्वरलययुक्त मधुर गायन  २. गानाबजाना ३. बाजागाजा ४.सामुहिक ।

≈ सङ्गीतमा रूचि लिने नै सङ्गीतकार बन्न सक्दछन् ।

**सजग**- वि. तत्स. सावधान; होसियार; सर्तक ; सचेत; चनाखो ।

≈ परीक्षाको समयमा सजग भई लेख्नु पर्दछ ।

**सन्तुष्ट**- वि. तत्स. (सम्+तुष्ट) १. बोली, व्यवहार आदिबाट सन्तोष मिलेको, चित्त  दुखेको २.अघाएको ३. तृप्त ।

≈ म मेरो कार्यबाट सन्तुष्ट छु ।

**सन्ध्या**-ना. तत्स. (सम्+ध्या) १. बिहान र साझको समय, दिन र रातको सन्धि ।

≈ सागरले सन्ध्यामा पूजा गर्ने गर्दछ ।

**समर्पित**- वि. तत्सं. (सम्+अर्पित) अर्पण गरिएको ,सुम्पिएको ,चढाइएको ।

≈ मैले आफ्नो पढाइप्रति पूरा समय समर्पित गर्दछु ।

**समारोह**- ना. तत्स. (सम्+आरोह) १. कुनै चाडपर्व तथा विशेष अवसरमा राम्रो तयारीका साथ गरिने आयोजना २. राम्ररी उक्लने काम ।

≈ श्यामले विद्यालयमा आयोजित विदाइ समारोहमा मन्तव्य दियो ।

**सम्पादन**-ना. तत्स. (सम्+पाद्+अन्) १. समाचार लेख पत्रपत्रिका पुस्तक आदिको भाषा हेरी प्रकाशनको लागि योग्य बनाउने ।

≈ सुमनले बुटवल टुडे पत्रिकामा सम्पादनको काम गर्दछ ।

**साछी**- ना. तत्स. साक्षी ।

≈ अदालतले साक्षीबिना कुनै फैसला दिँदैन ।

**साधना**- ना. तत्स. १. लामो समयसम्म कष्ट सही एकाग्र भई सफलताको निम्ति गर्ने योग २.अभीष्ट फलका लागि नियमपूर्वक गरिने उपासना ।

≈ पारिजात साहित्यप्रति ठूलो साधना गरिन् ।

**सार**- ना. तत्स. १. गति, चाल, मूख्य कुरा ।

≈ पढाइको सार भन्नु नै प्रगति हो ।

**सिर्जना**- ना. तत्स. १. नयाँ निर्माण ; सृष्टि; रचना; २. सृष्टि; उत्पत्ति सिर्जना ३. आरम्भ सुरू ।

≈ मैले कविता सिर्जना गरेँ ।

**सीमा**- ना. तत्स. १. कुनै ठाउँ ; देश जिल्ला वा देशका चारैतिरका विस्तारको अन्तिम रेखा २. किनारा छेउ ।

≈ नेपाल भारतको सीमा खुल्ला छ ।

**सुरिलो**- वि. तत्स. (सुर+इलो) मीठो र तीखो; सुमधुर आवाज ।

≈ गीताले सुरिलो भाकामा गीत गाइन ।

**स्वाभाव**- ना. तत्सं. १. आफ्नो निजी भाव २. जन्मजात रहने गुण ।

≈ उसको स्वभाव राम्रो छ ।

(ह)

**हठ्**- ना. तत्स. १.कुनै कुरामा गरिने एकोहोरो जिद्दी २. अनुचित कुरामा पनि गरिने जिद्दी ३. ढिपी ; टेक ।

≈ नचाहिने कुरामा हठ् गर्नु राम्रो होइन ।

**हडप्नु**- सकि. प्रा. (हडप्प+नु) अरूको धनमाल सम्पत्ति हडप गर्नु; पचाउनु ।

≈ साथीले विनोदको खाने कुरा हडप्यो ।

**हिमश्रृङ्खला**- ना. तत्स. हिमालय पर्वतका पङ्क्ति; हिमालयका श्रेणी ।

≈ नेपालको उत्तरी भेगमा हिमश्रृङ्खला पर्दछ ।

**हेला**- ना. तत्स. १. अनादर ,अपमान २. निन्दा ३. उपेक्षा ।

≈ गरीबलाई हेला गर्नु हुँदैन ।

**हैकमवादी**- वि. (‹हैकम+वाद+ई) १. प्रभुत्व देखाउने ; हैकम चलाउने २. नियन्त्रण गर्न खोज्ने ।

≈ गाउँको साझा सम्पतिमा थिरमानले हैकमवाद चलाएको छ ।

**हैरान**- वि. १. दिक्क लाग्दाको स्थिति २. अत्तिएको व्याकुल ३. थाकेको, थकित ।

≈ परीक्षाको बारेमा सोच्दा सोच्दा म त हैरान भएँ ।

**हौसाइ**- ना. (हौस+आई ) १. हौसिने काम वा किसिम २. जोस, जाँगर ३. बढ्ता बढाइ ।

≈ मैले राम्रो काम गर्नु पर्छ भनेर सीताले मलाई हौसाइ ।

# अध्यायः पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

**प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** शीर्षकको शोधपत्र नेपाल सरकारद्वारा मान्यता प्राप्त सरकारी विद्यालयहरूमा पठनपाठन हुँदै आएको पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा १ देखि कक्षा ५ सम्मका पाठ्यपुस्तकहरूलाई आधार बनाएर तयार पारिएको छ । यस शोधमा विभिन्न किसिमका शब्दहरूको मूल प्रविष्टि रहेको छ । प्राथमिक तहका विद्यार्थीका लागि शिक्षण र सिकाइ प्रक्रिया सुगम होस् भन्ने हेतुले यो कोशको निर्माण गरिएको छ । पाठहरू बोधगम्य बनाउन ठीक शब्दको ठीक प्रयोग, भाषिक शुद्धिका लागि आवश्यक सूचना, संज्ञानात्मक विकासका लागि पृष्ठभूमिनिर्माण गर्ने उद्देश्यले शब्दको प्रयोग पक्षलाई बढी प्राथमिकता दिइएको पाइन्छ ।

उपलब्ध संस्कृत र नेपालीका ठूला शब्दकोशहरूको सहयोग लिँदै बढीभन्दा बढी मौलिकता प्रस्तुत गर्ने प्रयास यस कोशमा रहेको छ । यस कोशले पाठकहरूलाई बोधगम्य बनाउन तथा अभिव्यक्ति क्षमतालाई अभिवृद्धिका लागि विद्यार्थीहरूको शब्दभण्डारलाई सबल तुल्याउने लक्ष्यका साथ निर्माण गरिएको छ । त्यस्तै ठीक शब्दको पहिचान, भाषिक शुद्धिको आवश्यक ज्ञान दिन, विद्यार्थीको संज्ञान पक्षको विकास एवम् सुनाइ, बोलाइ र पढाइ सीप विकासको पृष्ठभूमि निर्माणार्थ, प्राथमिक तहका विद्यार्थीका लागि शब्दकोशको प्रयोग गर्ने बानीको विकासका लागि यस कोशको निर्माण गरिएको छ ।

योजना तथा ढाँचागत स्वरूपलाई हेर्दा यस कोशमा कक्षा १ देखि ५ सम्मका नेपाली विषयका पाठ्यपुस्तकबाट शब्द सङ्कलन गरी वर्णानुक्रमानुसार राखिएको र एउटै शब्द दोहोरिएमा व्याकरणिक कोटि दिने र सङ्कलित शब्दहरूको कोशीय लेखन ढाँचाअनुसार शब्दलाई वाक्यमा प्रयोग गरेर देखाउने र वाक्यमा प्रयोग समेत गरेर देखाइएको छ । नेपाली पदावली, लेखन विधि तथा रचनासँग सम्बन्धित अवधारणाका साथै हाल प्रचलित केही थप महत्त्वपूर्ण शब्दहरूसमेतलाई प्रविष्टि गराई बढीभन्दा बढी मात्रामा शैक्षणिक प्रयोजनका लागि उपयोगी र स्तरीय बनाइएको छ ।

प्रयोग विधिको स्थितिलाई हेर्दा शब्दको अर्थका लागि शब्दहरूको वर्णानुक्रमलाई ख्याल गरी हेर्नु पर्दछ । शब्दको व्याकरणात्मक कोटिको जानकारी लिन वाक्यमा प्रयोग गरेर हेर्नु पर्दछ । वाक्यमा प्रयोग गर्न यस कोशमा दिइएको वाक्यमा प्रयोग गर्ने तरिका हेर्नु पर्दछ । व्याकरणात्मक पारिभाषिक शब्दहरूको परिभाषाका साथै प्रकारसमेतको सन्दर्भलाई वर्णानुक्रमअनुसार खोज्नुपर्दछ । यसमा प्रचलित मान्यताअनुसार 'अ' देखि 'अं' वर्ण तथा 'क' देखि 'ह' वर्णसम्मका शब्दहरूबाट बनेका पाठगत शब्दहरू लाई मात्र प्रविष्टि दिइएको हुँदा 'क्ष' लाई 'क' मा 'त्र' लाई 'त' मा र 'ज्ञ' लाई 'ज' मा क्रमानुसार खोज्नुपर्दछ ।

**प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** मूल प्रविष्टि भएका ३११ शब्दहरूमध्ये शोधको विषयअनुरूप शब्दवर्गका आधारमा शब्दहरूलाई हेर्दा नामपद अन्तर्गत २२० शब्द, विशेषण वर्गअन्तर्गत ६१ शब्द, क्रियाविशेषण अन्तर्गत ६, सकर्मक क्रिया अन्तर्गत २, अकर्मक क्रिया अनतर्गत ४ गरी जम्मा २९३ शब्दहरू वर्ग विभाजन गरिएको छ । त्यस्तै शब्दको स्रोतका आधारमा शब्दलाई हेर्दा तत्सम शब्द अन्तर्गत १६३ शब्द, आगन्तुक शब्दमा २९ वटा स्रोत नखुलेका गरी जम्मा १९२ शब्दहरूको स्रोत देखाइएको छ । शब्दनिर्माण प्रक्रियाअन्तर्गत उपसर्ग र प्रत्यय लागेर निर्माण भएका जम्मा १४९ वटा शब्दहरूको निर्माण प्रक्रिया देखाइएको छ ।

कोश निर्माण आफैमा एक जटिल प्रक्रिया हो । अझ त्यसको अध्ययन गर्नु झनै चुनौतीको कार्य हो । तिनै चुनौतीहरूको सामना गर्दै यस **प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** शीर्षकको शोधकार्यमा कक्षा १ देखि ५ सम्मका जटिल शब्दहरूलाई सामग्रीको रूपमा सङ्कलन गरी कोशको  निर्माण प्रक्रियाका आधारमा वर्गीकरण गरी देखाइएको छ । जसले यस प्रा. वि. तहका विद्यार्थीका लागि अध्ययन कार्य तथा अध्येता एवम् अनुसन्धाताका लागि उपयोगी सामग्रीका रूपमा सिद्ध हुनेछ भन्ने कुराको अपेक्षा समेत गरिएको छ ।

## ५.२ सुझावहरू

शब्दकोश निर्माण प्रक्रिया आफैँमा एक महत्त्वपूर्ण तथा जटिल प्रक्रिया हो । त्यसमा पनि शैक्षणिक शब्दकोशको निर्माणमा विभिन्न प्रकारका चुनौतीहरू हुनु स्वाभाविकै छ । तथापि **प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण** शोधकार्यलाई हेर्दा पाठ्यपुस्तकहरूमा राम्रा पक्षहरूका साथमा असफल तथा कमजोरीहरू

भेटिनु स्वाभाविक ठहर्दछ । अध्ययनका क्रममा पाइएका कमजोरीका आधारमा आवश्यक सुझावहरू दिनु उपयुक्त ठानी निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ :

क) यस कोशको निर्माणलाई हेर्दा  कक्षा १ देखि कक्षा ५ सम्मका पाठ्यपुस्तकमा कतिपय क्षमताभन्दा पनि बढीका जटिल शब्दहरूको प्रयोग देखिन्छ । ती जटिल शब्दहरूको सट्टामा सरल पर्यायवाची शब्दको प्रयोग गरिएको भए विद्यार्थीका लागि उपयोगी सिद्ध हुने थियो ।

ख) शब्दको अर्थ दिने क्रममा एकएक वटा अर्थ दिने प्रवृति बढी पाइयो । ती शब्दको बढीभन्दा बढी अर्थ दिएको भए बुझ्नका लागि सहजता हुने थियो ।

ग) कुनै पनि शब्दको वाक्यमा प्रयोग गर्ने तरिका सम्बन्धी स्पष्ट निर्देशन भएको देखिदैंन ।

घ) विद्यार्थीको स्तरीयतालाई ख्यालगरी पाठ्यसामग्रीको छनोट गर्दै सचेतना अपनाइ पाठ्यपुस्तकहरूको निर्माण गर्नु पर्नेमा केही अपुग रहेको आभाष यस शोध कार्यमा देखाइएको छ ।

ङ) पाठहरूमा प्रयुक्त जटिल शब्दहरूको शब्द वनोट सम्बन्धी कुनै निर्देशन पाईदैन । शब्दकोशको माध्यमबाट शब्दकोषको प्रयोग विद्यार्थीहरूले शब्दज्ञानको अधिक लाभ लिन सक्ने कुरालाई ध्यान पूर्ण रूपमा नदिएको पाइयो ।

च)  शब्दको वर्ग विभाजन सम्बन्धी कही कतै सङ्केत पाईदैन । यसले विद्यार्थीमा अन्योलता सिर्जना यर्ने निश्‍ति देखिन्छ । यसप्रति उदासिनता रहेको अवस्था यी पाठ्यपुस्तकहरूको निर्माणमा पाइयो ।

छ) पाठमा स्रोत सम्बन्धी कुनै पनि सूचना दिइएको पाइँदैन । मूल प्रविष्टि पाएका शब्दहरूको स्रोत छुट्टाएर दिइएको भए पाठ्यपुस्तकको प्रभावकारिता निश्‍चय नै उच्च रहने थियो ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (ते.सं.२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ: रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (ते.सं.२०६६) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौा : विद्यार्थी प्रकाशन प्रा.लि.।

अधिकारी, विमला (२०६८), **कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन**, अप्रकाशित, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अर्याल, डोलराज (२०६६), **नेपाली एकभाषी कोश परम्परा र प्रमुख कोशहरू,** पृथ्वीदर्पण, वर्ष-१, अङ्क-१, नेपाली शिक्षा विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

ओभ्काँ, रामनाथ र मधुसुधन गिरी (२०५८), **शोध सिर्जना र संस्कृत काव्यशास्त्र**, कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

कोइराला, खेम (२०६५), **अनुसन्धान विधि**, काठमाडौँ : दीक्षान्त प्रकाशन ।

घिमिरे, दिनेश, **प्रयोगात्मक नेपाली शब्दकोशमा शव्दहरूको प्रयोग पक्षको अध्ययन** (२०६४) अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गाना, तुल्सीराम (२०६७), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : जुपिटर प्रकाशक तथा वितरक ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ : एम के पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : कमलादी ।

नेपाल सरकार शिक्षा मन्त्रालय, **कक्षा ८ नेपाली**, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर: सानोठिमी ।

नेपाली, सागर (२०६६), **स्रोतका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय : कीर्तिपुर ।

पौड्याल, शालिकराम (२०६८), **शोधप्रताव र यसका अङ्गहरू,** बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षा विभागको शोधप्रस्ताव लेखन अभिमुखीकरण गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

पौड्याल, शालिकराम, जगदीश गैरे र कलाधर अर्याल (२०६८), **माध्यमिक नेपाली व्याकरण,** काठमाडौ : सङ्गम बुक्स पब्लिकेसन प्रा.लि. ।

प्रधान, बाबुलाल (२०५७), **रत्न नेपाली शब्दकोश**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६५), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौंः रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, (२०६०) **प्राथमिक (कक्षा १-३) तहका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरुपण,** मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

भण्डारी, पारसमणि (२०६६), **नेपाली भाषामा शब्दकोश निर्माण र त्यसको विकासक्रम**, सम्प्रेषण वर्ष-६, अङ्क-६, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँः पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि, र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, डी. पी. र डिल्लीराम ढुङ्गेल, (२०६८), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, (२०४६), **कोशविज्ञान र नेपाली कोश,** काठमाडौ : शारदा लम्साल ।

लम्साल, रामचन्द्र, (२०६३), **प्रायोगिक भाषाविज्ञान,** काठमाडौ : भुँडीपुराण प्रकाशन ।

शर्मा, वसन्त 'नेपाल' (ते.सं. २०६१), **नेपाली शब्दसागर**, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम, चूडामणि काफ्ले र विष्णु अधिकारीद्वारा सम्पादित **विद्यार्थी नेपाली शब्दमाला (२०६३)**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।